# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १५९ | काठमाडौं | शुक्रबार, १२ असोज २०८० | Prabhab National Daily | Friday, September 29, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# 'भिभिआइपी'को पैदल यात्रा



**तस्बिरमा बाँयाबाट क्रमशः राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति राम सहायप्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिना, मन्त्रीहरू अशोक राई र सुदन किराती ।** *तस्वीरः रासस*

- इन्द्रजात्रा अवलोकन गर्न राष्ट्राध्यक्ष जुद्ध सालिकबाट पैदल गएको यो पहिलोपटक हो
- जात्रा अवलोकन गर्न प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनालगायत मन्त्रीगण, सांसदहरू, प्रदेशसभा सदस्यहरू, स्थानीय तहका जनप्रतिनिधि पनि पैदलै गद्दी बैठक पुगे
- भिभिआइपीहरूको पैदल यात्रा सम्पदा संरक्षणको महत्वपूर्ण फड्को भएको काठमाडौं महानगरमा मेयर बालेनले बताएका छन्

**काठमाडौं (प्रस)–** बिहीबार काठमाडौंको वसन्तपुरमा इन्द्रजात्राका लागि भिड थियो । इन्द्रजात्रामा राष्ट्रप्रमुखको भ्रमण पनि विशेष हुनेगर्छ । अवलोकनका लागि पुग्ने अति विशिष्ट (भिभिआइपी) का लागि राजगद्दी अघिसम्मै सवारी लैजाने चलान थियो ।

यसपटक भने राष्ट्रपति रामचन्द्र पौडेल जुद्ध सालिकदेखि पैदलै गद्दी बैठक पुगे । राष्ट्रपति पौडेलले जुद्ध सालिकमा गाडीबाट ओर्लेर पैदल सांस्कृतिक एवं ऐतिहासिक पर्व इन्द्रजात्रा अवलोकन गरेका हुन् ।

इन्द्रजात्रा अवलोकन गर्न राष्ट्राध्यक्ष जुद्ध सालिकबाट पैदल गएको यो पहिलोपटक हो । राष्ट्रपति पौडेल विश्वसम्पदा सुचीमा रहेको सम्पदाहरूको संरक्षण, वातावरणको संरक्षण तथा प्रदुषण कम गर्न सहयोग पुगोस भनेर जुद्ध सालिकदेखि नै पैदल यात्रा गरेको उनको प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

जसका कारण जात्रा अवलोकन गर्न वसन्तपुर पुगेकाहरूले सहज अनुभव गरेको बताए । अघिल्ला वर्ष राष्ट्रपतिको सवारीका नाममा सर्वसाधारणलाई हिंड्नसमेत रोक लगाइन्थ्यो । गत चैत ४ गते राष्ट्रपति पौडेल वसन्तपुरमा तामझामबिनै कुमारी घर पुगेर जीवित देवी कुमारीको दर्शन गरेका थिए ।

जात्रा अवलोकन गर्न प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनालगायत मन्त्रीहरू अशोक राई, सुदन किराती, सांसदहरू, प्रदेशसभा सदस्यहरू, स्थानीय तहका जनप्रतिनिधि पनि गद्दी बैठक पुगे । राष्ट्रपति नै पैदल हिँडेपछि विशिष्ट पाहुनाहरू पनि जुद्द सालिकबाट हिँड्दै गद्दी बैठक पुगेका थिए ।

जात्राका अवसरमा राष्ट्रपति पौडेलले श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथमा दक्षिणा चढाई यात्रा गराउने अनुमति दिए । यसपछि श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथयात्रा गरिएको थियो । भाद्र शुक्ल द्वादशीका दिन मंगलबार बिहान हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी सुरु भएको इन्द्रजात्राको आज मुख्य दिन हो । आज तल्लोटोलमा रथयात्रा चलाइने गुठी संस्थान काठमाडौं शाखाले जनाएको छ । शुक्रबार माथिल्लो टोलमा रथयात्रा गरिने छ ।

असोज १५ गते महिलाले मात्र रथ तानी नानीचा यात्रा चलाइने छ । यसै दिन बेलुकी राष्ट्रपति पौडेल हनुमानढोका दरबार जानुभई कुमारीबाट टीका एवं प्रसाद ग्रहण गर्नुहुनेछ । टीका प्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्परा समेत छ ।

### बालेनको आभार

भिभिआइपीहरूको पैदल यात्रालाई लिएर काठमाडौं महानगरका मेयर बालेन्द्र साह बालेनले आभार प्रकट गरेका छन् । यसलाई भिभिआइपीहरूले संस्थागत गर्नेमा आफू विश्वस्त रहेकोसमेत बालेनले बताएका छन् ।

(बाँकी पृष्ठ २ मा)

# एमालेमा चल्न छाड्यो ओलीको खटनपटन

- प्यानल खडा गरेर चुनाव नलड्न ओलीको निर्देशन । तर प्रदेश अधिवेशनमा प्यानलसहित गुटगत चुनाव लड्दै नेताहरू
- लुम्बिनीपछि बाग्मती र कर्णालीमा प्यानलसहित चुनाव हुँदै
- सुदूरपश्चिम, मधेस, गण्डकी र कोशीमा पनि प्यानल खडा गरिँदै



**■ जेबी योञ्जन**

**काठमाडौं–** प्रमुख विपक्षी दल नेकपा एमालेको प्रदेश अधिवेशन जारी रहँदा अध्यक्ष केपी शर्मा ओलीले नेताहरूलाई प्यानल बनाएर गुटगत चुनाव नलड्न बारम्बार निर्देशन दिइरहेका छन् ।

एमालेमा गुटको कुनै स्थान नभएको बताउने गरेका ओलीको त्यस्तो निर्देशन भने नेताहरूले एकपछि अर्को प्रदेश अधिवेशनमा अवज्ञा गरिरहेका छन् । त्यसका लागि प्यानल खडा गरेर गुटगत राजनीतिको अभ्यासमा प्रदेशका नेताहरू देखिएका छन् । यसलाई कतिपयले भने ओलीविरुद्धको विद्रोहको रूपमा लिएका छन् ।

देशभरका सात प्रदेशमध्ये अधिवेशन सम्पन्न भइसकेको लुम्बिनी प्रदेशमा नेताहरू प्यानल खडा गरेर चुनाव लडेको केही दिनमै बाग्मती प्रदेशमा पनि प्यानलसहित चुनाव लड्ने सुरमा नेताहरू देखिएका छन् ।

कैलाश ढुंगेल र कृष्णप्रसाद दाहाल प्यानल खडा गरेर चुनाव लड्न लागेका छन् । बुधबार अध्यक्षमा पाँच जनाको उम्मेदवारी परेकोमा सानु श्रेष्ठ र केशर बुढाथोकीले दाहाललाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिए भने केशव पाण्डेले ढुंगेललाई समर्थन गरेका छन् । ढुंगेललाई महासचिव शंकर पोखरेल र महेश बस्नेतको साथ रहेको छ भने दाहाललाई उपाध्यक्ष विष्णु पौडेल र गोकुल बास्कोटाको साथ छ ।

ओलीले महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, विष्णु रिमाल, प्रदेश इन्चार्ज गुरु बराललगायतलाई सहमतिमै पदाधिकारीदेखि सदस्यसम्मै चयनका लागि खटाएका थिए । तर, सहमतिको प्रयास असफल भएको प्रदेश इन्चार्ज बरालले प्रभावसँग बताए ।

'अध्यक्ष कमरेडले प्यानल बनाएर चुनाव नलडाउनुहोस् भन्नुभयो । सोहीअनुसार सहमतिको प्रयास भएको हो तर सफल भएनौं', उनले भने, 'अब शुक्रबार चुनाव हुन्छ ।'

अध्यक्ष ओलीले घोषितरूपमा प्यानल बनाए कारबाही गर्नेसम्मको चेतावनी दिइसकेका छन् । बिहीबार कर्णाली प्रदेशको अधिवेशनको खुला सत्रलाई सम्बोधन गर्ने क्रममा ओलीले नेतृत्वको निर्देशन मान्नुपर्ने पनि बताए । यदि, कुनै पनि हालतमा सहमति नभए प्यानलबिना चुनाव लड्न उनको सुझाव छ । 'इन्चार्जलाई मेरो अथोरिटी छ । महासचिव पनि यहीँ बस्नुहुन्छ । लिडरसीपको कुरा सुनेर अधिवेशन गर्नुपर्छ', उनले भने, 'सहमति नभए चुनाव लड्नुहोस्, एउटाले जित्छ एउटाले हार्छ प्यानल बनाएर नलड्नु होला ।'

अध्यक्ष ओली प्यानलको विरुद्धमा छन् । प्यानलसहित चुनाव लड्दा अन्ततः पार्टीमा गुट खडा हुने भय उनमा देखिएको छ । त्यही भएर उनी प्यानलसहितको चुनावी प्रतिस्पर्धाको विपक्षमा छन् । तर, उनले भनेजस्तो प्रदेश अधिवेशनमा भइरहेको छैन । कर्णाली प्रदेशमा पनि प्यानलसहित चुनाव लड्न नेताहरू तयार भएका छन् । महासचिव शंकर पोखरेल सहमितको प्रयास असम्भव भएपछि काठमाडौं फर्किसकेका छन् ।

(बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# 'कोमा'का कामदार ल्याउन सरकारको पहल

**■ मोहन प्रसाद पन्त**

**काठमाडौं–** सरकारले रोजगारीको सिलसिलामा विदेश पुगेर विभिन्न परिस्थितिका कारण गम्भीर बिरामी भई अस्पतालको कोमामा पुगेका नेपाली कामदारको यकिन तथ्यांक संकलन गरी स्वदेश फर्काउने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सम्बन्धित श्रम गन्तव्य मुलुक हेर्ने राजदूतावासको समन्वय र सहकार्यमा कोमामा रहेका बिरामीको तथ्यांक संकलन तथा स्वदेश फर्काउने तयारी गरेको हो ।

वैदेशिक रोजगारको क्रममा विदेशी अस्पतालमा कोमामा रहेका नेपालीलाई स्वदेशमै फर्काएर उपचार गर्ने प्रबन्ध मिलाउने गरी गृहकार्य भइरहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए । यसका लागि सम्बन्धित मुलुक हेर्ने दूतावासमार्फत यकिन तथ्यांक संकलन गरिने उनले जानकारी दिए । 'दूतावासहरूले कोमामा रहेका बिरामीको यकिन तथ्यांक संकलन गरी आवश्यक समन्वयका लागि जानकारी दिनेछन्,' प्रवक्ता घिमिरेले भने, 'त्यसपछि उनीहरूलाई स्वदेश फिर्ता ल्याउने र थप उपचारको व्यवस्था मिलाइने छ ।'

विदेशी अस्पतालको कोमामा रहेका नेपालीलाई स्वदेश ल्याउने विषयमा प्रधानमन्त्री पुष्पकमल दाहलको अध्यक्षतामा गन्तव्य मुलुक हेर्ने १३ जना राजदूतसहितको उच्चस्तरीय बैठकमा प्राथमिताकासाथ छलफल भएको थियो । बैठकले गरेको निर्णयमा कोमामा रहेका बिरामीलाई नेपालमा कसरी फर्काउने र उपचार गर्नेसम्बन्धमा छिट्टै तथ्यांक संकलन गरी आवश्यक प्रक्रिया अवलम्बन गर्ने उल्लेख गरिएको छ । हाल विदेशका विभिन्न अस्पतालमा गम्भीर बिरामी परेर कोमामा पुगेका नेपालीहरूको यकिन विवरण नहुँदा उद्धार तथा उपचारको लागि कठिनाई भइरहेको प्रवक्ता घिमिरेले बताए । 'उनीहरूको समयमै उद्धार नहुँदा सम्बन्धित मुलुकमा अलपत्र अवस्थामा रहनुपर्ने र यता नेपालमा रहेका परिवारले पनि मानसिक तथा आर्थिक समस्या झेल्नुपरेको छ,' उनले भने ।

उता बिरामी तथा अलपत्र परेका कामदारलाई उद्धार तथा राहत दिने जिम्मेवारी पाएको वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार विभिन्न मुलुकमा ३० जनाभन्दा बढी नेपाली कामदार कोमामा रहेका छन् । सबैभन्दा बढी खाडी मुलुक र मलेसियामा नेपाली कामदार कोमामा रहेको बताइन्छ । श्रम स्वीकृति लिएर कानुनी रूपमा रहेका बिरामीको तथ्यांक भएपनि विभिन्न कारणले गैरकानुनी रूपमा कतार, साउदी, कुवेत, ओमानलगायतका देशमा रहेका कामदारहरू गम्भीर बिरामी परेर अलपत्र अवस्थामा भएपनि कुनै तथ्यांक नहुने बोर्डले जनाएको छ ।

त्यस्तै कोमामा रहेका बिरामीको उद्धार तथा उपचारकोसम्बन्धमा मात्र नभई उच्चस्तरीय बैठकले गरेका निर्णयहरूलाई देखिने गरी कार्यान्वयनको चरणमा लैजान श्रममन्त्री शरतसिंह भण्डारीबाट आवश्यक निर्देशन पाइसकेको मन्त्रालयले जनाएको छ । निर्देशानुसार कूटनीतिक नियोगसँगको समन्वयमा नयाँ श्रम गन्तव्यको खोजी गर्ने, श्रम सम्झौता प्रक्रिया अगाडि बढाउने, कामदारको हकअधिकार, सामाजिक सुरक्षालगायत विषय द्विपक्षीय श्रम सम्झौतामा नै सुनिश्चित गर्ने, कामदारको शव व्यवस्थापन तथा स्वदेश फिर्ता र पुनःएकीकरण कार्यक्रमलगायत कल्याणकारी दायित्व निर्वाह गर्न पनि मन्त्रालयले गृहकार्य गरिरहेको जनाएको छ ।

## जापानमा नेपालीका लागि 'हटलाइन'

**काठमाडौं (प्रस)–** अब जापानमा रहेका विदेशी कामदारले हटलाइनमार्फत आफ्नो भाषालगायतका अन्य समस्या राख्न सक्ने भएका छन् । जापानमा रहेका विदेशी कामदारलाई भाषालगायत अन्य समस्या समाधानको लागि सहजीकरण गर्ने उदेश्यले लेबर एन्ड सोसल सेक्युरिटी एटोर्नी कार्यालयले हटलाइनको व्यवस्था गरेको जनाएको छ ।

उक्त व्यवस्थाअनुसार विशेषगरी नेपालीहरूलाई जापानी भाषाका लागि सहयोग पुऱ्याउन लेबर स्ट्यान्डर्ड एडवाइस हट लाइनमा श्रम समस्या सम्बन्धि निःशुल्क टेलिफोन परामर्श उपलब्ध गराइने भएको एनआरएनए जापानका अध्यक्ष नविन निउरेले जानकारी दिए । जापानको स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालयबाट स्वीकृत प्राप्त कम्पनी अन्तरगत रहेको उक्त कार्यालयले नेपाली भाषाका लागि ०१२०-५३१-४०८ नम्बरमा सम्पर्क गर्न सकिने उल्लेख गरेको छ ।

जसका लागि बुधबार बेलुका ५ बजेदेखि राती १० बजेसम्म र आइतबार बिहान ९ बजेदेखि राती ९ बजेसम्म आफ्ना समस्या एवं गुनासाहरू राख्न सकिने व्यवस्था रहेको अध्यक्ष निउरेले बताए । हाललाई हप्ताको दुई दिन हटलाइनको व्यवस्था रहेपनि फोन आउने क्रम बढेमा अन्य दिन पनि थप गर्न सकिने बताईएको छ । जापानमा रहँदा जापानीज, अंग्रेजी, नेपालीसहित १४ भाषामा श्रमसम्बन्धी परेका समस्या र गुनासा राख्न सकिने बताइएको छ ।




# ‘नागरिक खबरदारीले मात्र लोकतन्त्र बलियो हुन्छ’

**काठमाडौं (प्रस)**– सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सशक्त र सचेत नागरिकको खबरदारीले मात्र लोकतन्त्र बलियो हुने बताइन् । सूचनामा सर्वव्यापी पहुँचसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा राष्ट्रिय सूचना आयोगले बिहीबार यहाँ आयोजना गरेको गोष्ठीमा बोल्दै उनले सार्वजनिक सरोकारका विषयमा जति बढी जानकारी प्राप्त हुन्छ त्यति बढी जनता सशक्त हुने बताइन् ।

‘सशक्त र सचेत नागरिकको खबरदारीले मात्र लोकतन्त्र बलियो हुन्छ । यसले सार्वजनिक सरोकारका सबै विषयमा जनताको पहुँच पुऱ्याउन सहयोग गर्छ,’ मन्त्री शर्माले भनिन् । सूचनाको हक जनतालाई सशक्त र लोकतन्त्रलाई बलियो बनाउने माध्यम भएकाले यसको प्रयोगलाई जनस्तरसम्म पुऱ्याउनु आजको आवश्यकता रहेकामा उनको जोड थियो ।

सूचनाको हकलाई संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको र यसको कार्यान्वयनका लागि सूचनाको हकसम्बन्धी ऐन रहेको जानकारी गराउँदै मन्त्री शर्माले ऐनको मुख्य उद्देश्य जनतालाई बलियो बनाउनु भएको धारणा राखिन् । ‘अनलाइन स्पेसको वृद्धिसँगै एकातिर सूचना संकलन, भण्डारण र प्रवाहमा सहजता आएको छ भने अर्कातिर सूचना प्रविधिको प्रणालीमाथिको अनाधिकृत पहुँच दुरूपयोगको समस्याका कारण सूचनाको सुरक्षामा चुनौती थपिएको छ,’ मन्त्री शर्माले भनिन् । यसका लागि सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरेको उनले उल्लेख गरिन् ।

प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङले आयोग सूचनाको हकको प्रभावकारी कार्यान्वयनका लागि यसलाई पूर्णरूपमा अनलाइनमा लैजान प्रयासरत रहेको बताउँदै आयोगले सूचना मागकर्ता र सार्वजनिक निकायका लागि सहयोगी पुस्तिका बनाएको उल्लेख गरे । उक्त पुस्तिकालाई आगामी दिनमा स्थानीय भाषामा पनि प्रकाशन गर्ने योजना रहेको उनले सुनाए ।

प्रमुख सूचना आयुक्त गुरुङले सूचनाको हकलाई पूर्ण समावेशी बनाउन लागेको बताउँदै यसले कार्यान्वयनमा प्रभावकारी हुने विश्वास व्यक्त गरे । कार्यक्रममा डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक सन्तोष सिग्देलले ‘अनलाइन स्पेस र सूचनाको हक अवसर र चुनौती’ विषयक कार्यपत्र प्रस्तुत गरेका थिए ।

यसैगरी मन्त्रालयका सहसचिव अनिलकुमार दत्त, सञ्चारिका समूहका अध्यक्ष विमला तुम्खेवा र आयोगका आयुक्त रत्नप्रसाद मैनलीले टिप्पणी गरेका थिए । कार्यक्रममा मन्त्री शर्माले आयोगले सूचना मागकर्ता र सार्वजनिक निकायका लागि सहयोगी पुस्तिका सार्वजनिक गरेकी थिइन् ।

## एमालेमा...
पृष्ठ १ बाट जारी

अधिवेशनमा प्रदेश संसदीय दलका नेतासमेत रहेका स्थायी कमिटी सदस्य यामलाल कँडेलले नेता गुलाबजंग शाहलाई अध्यक्षमा अघि सारेका छन् । अर्का नेता विनोदकुमार शाहले मीनबहादुर शाहीलाई अध्यक्षको उम्मेदवार बनाएका छन् । उम्मेदवारहरूले प्यानल नै खडा गरेका छन् ।

पार्टी केन्द्रीय अध्यक्ष ओलीले भने नेता शाहीलाई अध्यक्ष बनाउन दबाब दिएका छन् । यद्यपि, उनको नाममा सहमति जुटेन । परिणामतः त्यहाँ पनि चुनाव हुँदैछ । यसरी प्रदेशहरूको अधिवेशनमा ओलीको चाहनाविपरीत प्यानलसहित चुनाव भइरहेको हो ।

२३ फागुन २०७७ मा सर्वोच्च अदालतको आदेशपछि नेकपा विघटन हुँदै एमाले ब्युँतिएपछि पार्टीका हरेक कमिटीका सदस्यदेखि पदाधिकारी ओली मनमौजी ढंगले छनोट गर्थे । यतिसम्मकि उनले २०७८ मंसिरमा चितवनमा भएको पार्टीको १०औं महाधिवेशनबाट मनमौजी पदाधिकारीदेखि केन्द्रीय सदस्यसम्म छाने । पार्टीको वडादेखि स्थानीय तह हुँदै प्रदेश तथा संघीय निर्वाचन क्षेत्र हुँदै जिल्ला तहसम्मका अधिवेशनमा पनि ओलीले प्यानलसहित चुनाव लड्न घोषितरूपमै नेता कार्यकर्तालाई प्रतिबन्ध लगाए । तर, यसपटक प्रदेश अधिवेशनमा भने उनको निर्देशनको अवज्ञा भइरहेको छ ।

एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्य प्रदेश अधिवेशनमा नेताहरू चुनाव लड्नु अन्यथा नभएको बताउँछिन् । उनलाई चुनाव लडेर नेतृत्वमा स्थापित हुन चाहने कार्य लोकतान्त्रिक पद्दतिको उपज लाग्छ ।

‘सके सहमतिमै नेतृत्व छान्दा राम्रो । तर, चुनाव लड्नु पनि नराम्रो चाहिँ होइन । यसलाई अन्यथा मान्नु हुँदैन । किनभने लोकतन्त्रमा चुन्ने चुनिने हुन्छ’, उनले भनिन् ।

यही असोजको तेस्रो साता हुने भएको सुदूरपश्चिम प्रदेश अधिवेशनमा त झन् अहिलेदेखि नै नेताहरू तीनवटा प्यानलसहित चुनाव लड्ने तयारीमा देखिएका छन् ।

ओलीनिकट नेता कर्ण थापाले अछामका कृष्णप्रसाद जैसी, पूर्वमाओवादी नेता लेखराज भट्ट र प्रदेशका वर्तमान अध्यक्ष दामोदर भण्डारीले बाजुराका लालबहादुर थापा नेतृत्वमा प्यानल बनाउने कसरत गरिरहेका छन् । नेता भीम रावलले अघोषितरूपमा नेता झपट रावललाई अध्यक्षमा अघि बढाउन लागेका छन् ।

गण्डकी प्रदेशमा पनि उपमहासचिव पृथ्वीसुब्बा गुरुङ र नेता खगराज अधिकारीले आ-आफ्ना गुट खडा गरेका छन् । यी दुई नेताबीच गण्डकीमा लामो समयदेखि शक्ति संघर्ष पनि चल्दै आएको छ ।

अध्यक्ष ओलीकै गृहप्रदेश कोशीमा पनि नेताहरू प्यानलसहित चुनाव लड्न लागेका छन् । मधेस प्रदेशमा पनि स्थिति त्यस्तै छ । जबकि, ओलीको भने प्यानलसहित चुनाव नलड्न पटकपटक निर्देशन छ । तर, ओलीको निर्देशन प्रदेश अधिवेशनहरूमा पूरै अवज्ञा भइरहेको देखिएको छ ।

## ‘भिभिआइपी’को...
पृष्ठ १ बाट जारी

‘सम्माननीय राष्ट्रपति, अन्य विशिष्ट अतिथीहरूले काठमाडौं महानगरको अनुरोध स्वीकार गरिदिएर विश्व सम्पदा क्षेत्रमा हामीले बनाएको नो भेहकल जोन (सवारी साधन निषेधित क्षेत्र) मा सवारी साधन प्रवेश गराइदिनु भएन,’ बालेनले भनेका छन्, ‘उहाँहरूले जुद्ध सालिकदेखि पैदल नै गई जात्रा अवलोकन गरिदिनु भो । हामीलाई विश्वास छ, यसबाट सम्माननीय राष्ट्रपति, अन्य विशिष्ट अतिथीहरूले जात्रा अवलोकन गर्न पैदल जाने अभ्यासलाई संस्थागत बनाउने छ ।’

भिभिआइपीहरूको पैदल यात्रा सम्पदा संरक्षणको महत्वपूर्ण फड्को भएकोसमेत उनले प्रष्टचाएका छन् । ‘सामान्य जस्तो लागे पनि काठमाडौँका सम्पदा संरक्षणमा यो अर्को फड्को हो । हाम्रो अनुरोधको परिवर्तनलाई स्विकार गरिदिनु भएकोमा आभारी छौं,’ बालेनले भनेका छन् ।

## इस्मा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**इस्मा रजस्थल, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**
**सूचना नं. १७**

### आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थ उत्खनन, घाटगद्दी तथा बिक्री वितरण कार्यको बोलपत्र आह्वान सम्बन्धी तेस्रो पटक प्रकाशित सूचना

**सूचना प्रकाशित मिति : २०८०/०६/११**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८०।०८१ को लागि गाउँ कार्यपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा निम्न बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रियाबाट वितरण गर्नुपर्ने भएकोले इच्छुक फर्महरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र नविकरण गरिएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, २०७९।०८० सम्मको करचुक्ता गरेको प्रमाणपत्र नियमानुसारको दस्तुर बुझाएको प्रमाण निवेदन साथ पेश गरेपछि शिलबन्दी दरभाउपत्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट र शर्तहरु शिलबन्दी दरभाउपत्र फारममा संलग्न गरिनेछ । शिलबन्दी दरभाउपत्र फारम खरिद दस्तुर रु १०००/- (अक्षररुपी: एक हजार मात्र) को ग्लोबल आईएमइ बैंक इस्मा शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नम्बर ३५७०४०१००००००६ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३. आफूले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ । सिलबन्दी दरभाउपत्र फाराम साथ ७५ दिन म्याद भएको कबोल रकमको ५ प्रतिशत बैंक जमानत बापतको रकम यस गाउँपालिकाको नाममा ग्लोबल आईएमइ बैंक लि. इस्मा शाखामा रहेको धरौटी खाता नं. ३५७०४०१००००००४ मा दाखिला गरेको सक्कलै भौचर/कार्यालयको नाममा जारी भएको जमानत पत्र समेत समावेश गर्नुपर्नेछ ।

४. यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाप नभएको शिलबन्दी दरभाउपत्र तथा म्याद नाघी वा रीत नपुगी प्राप्त भएको शिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही हुने छैन

५. शिलबन्दी दरभाउपत्र सम्बन्ध अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ ।

६. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

७. शिलबन्दी दरभाउपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेवसाइटः www.ismamun.gov.np मार्फत लिन सकिनेछ ।

८. शिलबन्दी दरभाउपत्र १६औं दिनको १२ बजे सम्म पेश गरि सक्नु पर्ने र सोहि दिनको १ बजे इस्मा गाउँपालिकाको कार्यालय इस्मा रजस्थल, गुल्मीमा शिलबन्दी दरभाउपत्र खोलिनेछ ।

**तपसिलः–**

| सि.नं. | प्याकेज नं. | ठेक्का नं. | बोलपत्रको नाम | वार्षिक उत्खनन् परिमाण | न्यूनतम बोलपत्र रकम सेवा शुल्क मू.अ.कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | २ | ०१-०८०।०८१ | अरेधी खोला बगर क्षेत्र | १६३१५ घन (फिट) | ९७,८९०।- | ४,८९४।५० | १०००।- |
| २. | २ | ०३-०८०।०८१ | कुखुरेखोलादेखि भंगकाटे खोला सम्म | ५४३८४ घन (फिट) | ३,२६,३०१।- | १६,३१५।०५ | १०००।- |
| ३. | २ | ०४-०८०।०८१ | कुखुरेदेखि निपाने रोदीखोला सम्म | ४००४६ घन (फिट) | २,४०,२७६।- | १२,०१३।८० | १०००।- |
| ४. | १ | ०६-०८०।०८१ | छल्दी पनाह देखि गुर्वाखोला सम्म | १७९९६० घन (फिट) | १०,७९,७६१।- | ५३,९८८।०५ | १०००।- |

**पदमलाल अधिकारी**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

## वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण (Scoping) बारेको सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८०/०६/१२**

बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ४ विशालनगरमा डि.एल.एफ नेपाल बिल्डर्स प्रा.लि.द्धारा प्रस्तावित निम्न बमोजिमको डि.एल.एफ ग्रिन अपार्टमेन्टको कार्यान्वियन गरीन लागेको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | डि.एल.एफ नेपाल बिल्डर्स प्रा.लि.<br>बागमति प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-१, कुपन्डोल<br>ईमेलः **sujatatuladhar.dlf@gmail.com**, फोन नं.: ०१५४२०२५४, ०१५९०७२५४ |
| **प्रस्तावको व्यहोरा** | काठमाडौं महानगरपालिका- ४ बिशालनगरमा कित्ता नम्बर २१९, ३३७, २२०, ३३६ लगायतको ३,९१०.४६ वर्ग मि. को जग्गामा बन्न लागेको डि.एल.एफ ग्रिन अपार्टमेन्टमा दुई वटा टावर रहने छन् र प्रत्येक टावरमा भुइ तल्ला बाहेक ९ वटा तल्लाहरु रहने छन्। प्रत्येक टावरमा २३ वटा अपार्टमेन्ट इकाईहरु रहने छन। यस अपार्टमेन्टको कूल निर्माण क्षेत्रफल १४,२५७.८१ वर्ग मि. हुनेछ भने उचाई ३९.२५ मिटर हुनेछ। |
| **प्रभाव पर्न सक्ने न.पा.** | काठमाडौं महानगरपालिका वडा नं ४ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका वडा कार्यलय, विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सातदिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | डि.एल.एफ नेपाल बिल्डर्स प्रा.लि.<br>बागमति प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-१, कुपन्डोल<br>ईमेलः **sujatatuladhar.dlf@gmail.com**, फोन नं.:०१-५४२०२५४, ०१-५९०७२५४ |
| **परामर्शदाताको नाम र ठेगाना** | देउराली कन्सल्टिङ इन्जिनियर्स प्रा.लि., गण्डकी प्रदेश, पोखरा-३१, नेपाल<br>ईमेलः **deuralicon@hotmail.com**, फोन नंः ९८५१०७३७४५ |

नेपाल सरकार
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)**
**एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
पानीपोखरी, काठमाडौं, नेपाल

### बुटवल उपमहानगरपालिकामा निर्माण हुने एकीकृत खानेपानी, ढल व्यवस्थापन तथा इन्सिनिरेटर आयोजनाको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०६/१२)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका, वडा नं.७ मा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, फोन नंः ०१-४४१३७४४ ई-मेलः **iwssmp@gmail.com** |
| **प्रस्तावको व्यहोरा** | बुटवल उपमहानगरपालिकामा वडा नं.७ मा निमार्ण तथा संचालन हुने दिसाजन्य फोहोरप्रशोधन केन्द्र (FSTP) तथा १५०-१८८ के.जी क्षमता र २.५ घनमिटरको हर्थ युक्त, करिब १० मि. को चिम्नी भएको इन्सिनिरेटर |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका, वडा नं ७ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको परिस्थितिकीय प्रणाली, प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली, साँस्कृतिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, फोन नंः ०१-४४१३७४४ ई-मेलः **iwssmp@gmail.com** |
| **परामर्शदाताको नाम र ठेगाना** | Building Design Authority P. Ltd. - SWS Consulting Engineering र SAP Water Energy & Developers को संयुक्त उपक्रम ओशो भवन, कमलादी, काठमाडौं । फोनः ०१-४२२७३९३<br>ई-मेलः **iwssmp.p2@gmail..com** |

## सोलुदुधकुण्ड नगरपालिकाको बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०।०६।१२**

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट सम्पन्न गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक फर्महरुबाट रितपूर्वकको बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | विवरण | विकबण्ड बोलपत्र रकम | बोलपत्र दस्तुर | Pre bid meeting | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| 01-NCB-SDM-2080/81 | वडा नं. ६ स्थित नयाँबजार हाटबजार पूर्वाधार निर्माण | ५,१०,०००/ | ५०००/०० | सूचना प्रकाशित मितिले १५ औं दिनको ११:०० बजे | सूचना प्रकाशित मितिले ३१ औं दिनको १२:०० बजे सम्म | ३१ औं दिनको ठिक १२:०० बजेसम्म । | ३१ औं दिनको ठिक २:०० बजे |
| 02-NCB-SDM-2080/81 | वडा नं.२ स्थित तुम्बुक-टाक्टोर- लामजुरा सडक स्तरोन्नति | ६,६०,०००/ | ५०००/०० | सूचना प्रकाशित मितिले १५ औं दिनको ११:०० बजे | सूचना प्रकाशित मितिले ३१ औं दिनको १२:०० बजे सम्म | ३१ औं दिनको ठिक १२:०० बजेसम्म । | ३१ औं दिनको ठिक २:०० बजे |

- बोलपत्र साथ मु.अ.कर दर्ता फर्म, संस्था वा कम्पनी दर्ता, व्यवसाय दर्ताको इजाजत र आ.व. ०७८।०७९ को कर चुक्ता पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । उक्त आ.व. को कर चुक्ता नभए म्याद थप भएको प्रमाण संलग्न गनु पर्नेछ ।
- श्री राष्ट्रिय वाणिज्य बैक सल्लेरी सोलुखुम्बुमा रहेको सोलदुधकुण्ड नगरपालिकाको धरौटी खाता नं. २०२०१००३०३००००५ मा नगद दाखिला गरेको सक्कल भौचर वा कार्यालयको नाममा जारी भएको १२० दिनको म्याद भएको बैक जमानत पेश गनुपर्नेछ । वोलपत्र दस्तुर वैक मार्फत सोलदुधकुण्ड नगरपालिकाको आन्तरिक राजस्व खाता नं. २०२०१००३०१०१०००५ मा जम्मा गर्नु सकिनेछ ।
- बोलपत्र सम्बन्धि अन्य विस्तृत कुराहरु बुझ्न परेमा यस कार्यालयको फोन नं. ०३८-५२०२६४ मा वा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ वा यस कार्यालयको वेभ साइड ***www.solududhkundamun.gov.np*** मा हेर्न सकिनेछ ।




**सडकमा चिकित्सक** | स्वास्थ्यकर्मीमाथि भइरहेको आक्रमण रोक्न तथा आक्रमणमा संलग्न दोषीलाई कारबाही गर्न माग गर्दै बिहीबार काठमाडौंको बबरमहलमा भएको प्रदर्शनमा सहभागी चिकित्सक ।
*तस्बिरः मनिष राई/प्रभाव*

स्वास्थ्यकर्मीमाथि आक्रमण

# ‘स्वास्थ्य सेवा बन्द नहुने वातावरण बनाऊ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले कुनै पनि बहानामा स्वास्थ्यकर्मीमाथि आक्रमण, दुर्व्यवहार एवं कुटपिट नगर्न, स्वास्थ्य संस्थाजस्तो संवेदनशील ठाउँमा तोडफोड र आक्रमण नगर्न आग्रह गरेको छ । स्वास्थ्य सेवा नै बन्द गरी आन्दोलन नगर्न र नागरिकको स्वास्थ्योपचारको हक सुनिश्चित गर्न आयोगले नेपाल सरकार, स्वास्थ्यकर्मी र सबै सरोकारवाला पक्षको ध्यानाकर्षणसमेत गराएको छ ।

पछिल्ला केही दिनयता कास्की, मकवानपुर, लमजुङ, चितवन जिल्लालगायत विभिन्न अस्पतालमा कार्यरत चिकित्सकमाथि भएका आक्रमण, दुर्व्यवहार तथा स्वास्थ्य संस्थामा भएको तोडफोड एवं चिकित्सकले आकस्मिकबाहेक स्वास्थ्य सेवा बन्द गरी आन्दोलनमा उत्रिँदा नागरिकको उपचारमा असर पर्न गएको छ । चिकित्सकको सुरक्षा व्यवस्था, स्वास्थ्य सेवाको निरन्तरता तथा बिरामीले भोग्नु परिरहेको समस्याबारे विभिन्न माध्यमबाट निरन्तर अनुगमन भइरहेको आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

गत भदौ २४ गते हेटौंडाको सञ्चो अस्पतालका चिकित्सकमाथि सेवाग्राहीबाट हातपात भएको, असोज ७ गते लमजुङ अस्पतालका चिकित्सकमाथि स्थानीय जनप्रतिनिधिबाट हातपात भएको, असोज ८ गते पोखराको मणिपाल अस्पतालमा चिकित्सकमाथि सेवाग्राहीले कुटपिट, दुर्व्यवहार र आक्रमण गरेको घटनाका सम्बन्धमा आयोगले अनुगमन गरेको हो । पछिल्लोपटक पोखराको मणिपाल अस्पतालमा एक बिरामीको उपचारका क्रममा मृत्यु भएको भन्दै मृतकका आफन्तले चिकित्सकमाथि हातपात र दुर्व्यवहार गरी अस्पतालको भौतिक संरचनामा तोडफोड गर्नाका साथै सुरक्षाकर्मीबाट समेत चिकित्सकमाथि दुर्व्यवहार गरिएको अनुगमनमा देखिएको आयोगले जनाएको छ ।

आयोगले शान्ति सुरक्षा र घटनामा संलग्नमाथि कानुनी कारबाहीको माग गर्दै चिकित्सकले असोज ९ र १० गते अस्पतालको आकस्मिकबाहेक सम्पूर्ण सेवा बन्द गरी आन्दोलनमा उत्रिएका कारण उपचारका लागि आएका बिरामी सेवा पाउनबाट वञ्चित भएको जनाएको छ । चिकित्सकमाथि आक्रमणका शृंखलाबद्ध घटना विगतमासमेत हुँदै आएका थिए । यसबाट स्वास्थ्यकर्मीको मनोबल र स्वास्थ्य संस्थाको प्रभावकारितामा असर परेको आयोगको ठम्याइ छ । स्वास्थ्यकर्मी स्वास्थ्य सेवा नै बन्द गरी आन्दोलनमा उत्रिँदा नागरिकले उपचार गर्न पाउनुपर्ने हकमा असर पर्नाका साथै स्वास्थ्य संस्था धराशायी बन्न पुग्ने सम्भावना रहेको आयोगले जनाएको छ ।

गृह मन्त्रालयले केही समययता मकवानपुर, कञ्चनपुर, लमजुङ, कास्कीलगायतका जिल्लाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीमाथि भएका आक्रमणका घटनाप्रति गम्भीर रहेको जनाएको छ । मन्त्रालयले उल्लिखित घटनामा स्वास्थ्यकर्मीमाथि आक्रमण गर्ने कार्यमा संलग्न देखिएका दोषीलाई प्रशासनिक एवं कानुनी कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । समय-समयमा देखिएका यस्ता समस्या समाधान गर्न यही असोज ९ गते उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत र सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिको उपस्थितिमा बसेको बैठकले गरेका निर्णय कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल प्रहरी प्रधान कार्यालय र सबै जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिसकिएको मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले जानकारी दिए ।

कास्कीमा घटेको घटनामा दोषी देखिएका सुरक्षाकर्मीमध्ये एक जनालाई केन्द्रमा सरुवा गरिसकिएको र अर्को एक जनालाई कानुनबमोजिम निलम्बनसमेत गरिसकिएको उनले बताए । गृह मन्त्रालयले भनेको छ, ‘अतः स्वास्थ्य सेवाजस्तो संवेदनशील क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीलाई सबै प्रकारका विरोधका कार्यक्रम अन्त्य गरी आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्दै आ-आफ्नो कार्यक्षेत्रमा फर्किन आह्वान गरिन्छ ।’

साथै सबै नागरिकलाई पनि स्वास्थ्यकर्मीमाथि आक्रमण गरेमा प्रचलित कानुनबमोजिम कडा कारबाही हुने कुराको जानकारी गराउँदै स्वास्थ्य क्षेत्रलाई सुरक्षित बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्न मन्त्रालयले अनुरोध गरेको छ । मन्त्रालयका अनुसार देशका सबै स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (संशोधनसहित)ले गरेको कसूर र दण्ड सजायसँग सम्बन्धित व्यवस्था उल्लेख भएको सार्वजनिक सूचना सबै नागरिकले सहजै देख्ने गरी राख्ने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने निर्णय भएको छ ।

# एक जनाका भरमा स्वास्थ्य बिमा बोर्ड

**गलकोट (बागलुङ)–** बागलुङस्थित स्वास्थ्य बिमा बोर्डको कार्यालय एक जना कर्मचारीको भरमा सञ्चालनमा छ । पाँच जनाको दरबन्दी रहेको बोर्ड तीन महिनादेखि एक जना कर्मचारीको भरमा छ । बिहान नौ बजेदेखि सेवाग्राही कार्यालयमा पुग्छन् । कार्यालयमा कर्मचारीको नाममा कार्यालय सहयोगीसमेत नहुँदा स्वास्थ्य बिमा बोर्ड बागलुङको कार्यालय अस्तव्यस्त भएको बोर्ड स्थापनादेखि काम गर्दै आएका दर्ता अधिकारी नारायण शर्माले बताए । स्वास्थ्य बिमा गर्नेको संख्या दिनानुदिन बढ्दै गएको जनाउँदै उनले तीन महिना अघि एकसाथ तीन कर्मचारीले बोर्ड छोड्दा समस्या भएको बताए ।

‘स्वास्थ्य बिमाको जानकारी लिन, हराएको कार्ड बनाउन सेवाग्राही आउँछन् । कार्यालयमा जिल्लाभर छरिएका दर्ता सहयोगीले फोन गरिरहन्छन् । एक जनाले सेवाग्राहीसँग कुरा गर्ने कि फोनमा दर्ता सहयोगीसँग कुरा गर्ने ?,’ शर्माले भने । उनका अनुसार बिमामा आबद्ध नागरिकको फर्म दर्ता सहयोगीबाट संकलन गर्न समस्या भइरहेको छ । शर्माले बिमा गर्ने संख्यामा वृद्धि भएकाले एक्लै फर्म अपडेट गर्न समस्या भइरहेको बताए ।

‘सुरुमा दुई जना कर्मचारी थियौं, बिमाकर्ता थोरै हुनुहुन्थ्यो, अहिले बिमा गर्नेको संख्या वृद्धि भइरहेको छ, दर्ता सहयोगीबाट आएको फाराम संकलन गर्न नै नभ्याउने अवस्था आइसक्यो, अपडेटका लागि रातिको समय व्यवस्थापन गरेको छु,’ उनले भने, ‘यो हाम्रोमात्रै समस्या हैन गण्डकी प्रदेशभर यस्तै छ भन्ने सुनेको छु, बिमा गर्नेको संख्या बढ्ने कर्मचारी घट्ने भएको छ । तीन महिनाअघि तीन जना स्वास्थ्यका कर्मचारी हुनुहुन्थ्यो, मन्त्रालयको पत्र आएपछि जानुभयो ।’

जिल्लामा स्वास्थ्य बिमा गराउनेको संख्या ४३ प्रतिशत पुगिसकेको दर्ता अधिकारी शर्माले जानकारी दिए । उनका अनुसार जिल्लामा हाल एक लाख १० हजार नागरिक स्वास्थ्य बिमामा आबद्ध भइसकेका छन् ।

आगामी असार मसान्तसम्म ५० प्रतिशत नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गराउने लक्ष्य रहेको कार्यालयले जनाएको छ । जिल्लामा ७८ जना दर्ता सहयोगीमार्फत घर-घरमै पुगेर स्वास्थ्य बिमा गराउने कार्य भइरहेको जनाउँदै शर्माले बोर्डको कार्यालयमा कर्मचारी अभाव हुँदा समस्या भइरहेकाले तत्कालै समाधान गर्नुपर्नेमा जोड दिए । पाँच जनाको दरबन्दी रहेको बागलुङमा एक जनाको भरका कार्यालय सञ्चालन हुँदा बिरामी पर्दा कार्यालयनै बन्द गर्नुपर्ने अवस्था आउने गरेको उनको भनाइ थियो ।

बागलुङमा मात्रै नभएर गण्डकी प्रदेशमै कर्मचारी अभाव रहेकाले समस्या भएको स्वास्थ्य बिमा बोर्ड गण्डकी प्रदेश संयोजक महेशप्रसाद ठाकुरले बताए । उनका अनुसार कर्मचारीका लागि बोर्डले परीक्षा लिइसकेको र नतिजा प्रकाशनको तयारीमा रहेकाले केही समयमै थप कर्मचारी आउने तयारी भइरहेको छ ।

‘कर्मचारीको समस्या बागलुङमामात्रै होइन गण्डकी प्रदेशका छ जिल्लामा छ । बागलुङमा धेरै बिमित भएकाले समस्या बढी नै भइसक्यो,’ ठाकुरले भने, ‘जिल्लामा एक लाख १० हजार नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् । एक जना कर्मचारीको भरमा कार्यालय सञ्चालन धइरहेको छ । हामीले कर्मचारी ल्याउन केन्द्रमा पहल गरिरहेका छौं ।’ अन्य जिल्लामा भन्दा बागलुङमा बिमा कार्यक्रम पहिला सुरु भएको र जनसंख्या पनि धेरै भएकाले बढी समस्या भएको उनले बताए ।

बागलुङसहित स्याङ्जा, पर्वत, मनाङ, मुस्ताङ र गोरखामासमेत एक जना कर्मचारीकै भरमा कार्यालय सञ्चालन भइरहेको संयोजक ठाकुरले जानकारी दिए । उनका अनुसार बोर्डमा अध्यक्ष नहुँदा कर्मचारीको नतिजा प्रकाशनमा ढिलाइ भइरहेको छ । नतिजा प्रकाशनसँगै यो समस्या समाधान हुने उल्लेख गर्दै बागलुङमा कम्तीमा तीन जना कर्मचारी आवश्यकपर्ने ठाकुरले बताए । उनका अनुसार हाल गण्डकी प्रदेशमा नौ लाख २८ हजार ४५९ नागरिक स्वास्थ्य बिमामा आबद्ध भएका छन् । *रासस*


## शिबनाथ गाउँपालिका

**गउँपालिकाको कार्यालय**
**शिवनाथ, वैतडि**
**सुदूरपश्चिम प्रदेश**

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

**प्रकाशित मिति २०८०/०६/१२**

यस शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ अन्तर्गत सुल्लेखान शर्माली नागार्जुनघाट रोड Upgarding (saugada Bachhala Nagarjunghat) कार्य वडा न. १, ३ र सुल्लेखान शर्माली नागार्जुनघाट रोड Upgarding कार्य वडा न. १, २, ३ र ५ गर्नका लागि मिति २०८०/०५/०४ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही देखिन आएको तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै फर्मको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का न. | निर्माण कम्पनि | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|
| 01/SRMUN/WORK/2080/081 | Rajdhani Construction purchaudi-08 Baitadi | रु. 53,34,817.76 |
| 02/SRMUN/WORK/2080/081 | Archana Nirman Sewa DSM Gadhi Baitadi | रु. 53,52,836.20 |

**प्रमुख प्रशासकिय अधिकृत**



## Invitation of Bids

## Tribeni Rural Municipality
## Office of Rural Municipality Executive,
**Simrutu, Kharaneta Rukum(west)**
**Karnali Province**

**INVITATION FOR THE ROAD CONSTRUCTION FOR TRIBENI RURAL MUNICIPALITY**

***Date of Publication:-29 Sep, 2023***

1. Tribeni Rural Municipality, Office of Rural Municipality Executive, Simrutu, Kharaneta Rukum (West) invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table under National Competitive Bidding procedures.

| S.N. | Contract Identification No. | Description of Work | Estimated Cost Excluding VAT (Nrs.) | Bid Security Amount (Nrs.) | Bid validity /Bid security Period / Price of bid Document (Nrs.) |
|---|---|---|---|---|---|
| 1. | TRM-PMLKPSN/ 003/2080/081 | *Paineta - Muru - Laxikot - Kural -Pitibang Sadak Nirman* | *1,27,60,948.22/-* | *3,75,000.00/-* | *90/120/3,000/-* |
| 2. | TRM-LJLRSN/ 04/2080/081 | *Lamakhet - Jibang -Lammela - Rolpa sadak Nirman* | *1,27,61,258.59/-* | *3,75,000.00/-* | *90/120/3,000/-* |

**Information to deposit the Cost of Bidding Document in Bank:**
Name of the Bank:- Laxmi Sunrise Bank Limited, Tribeni Branch, Rukum(west)
Name of office :-Tribeni Rural Municipality, Simrutu, Kharaneta, Rukum(west)
Account No.:-08703000165
Account Name:-Rajaswa khata

**Information to deposit the Bid-Security Amount**
Name of the Bank:- Laxmi Sunrise Bank Limited, Tribeni Branch, Rukum(west)
Name of office :- Tribeni Rural Municipality, Simrutu, Kharaneta, Rukum(west)
Account No.:-08703000084
Account Name:-Dharauti khata

2. Pre-Bid meeting shall not be held.
3. Bids must be submitted through e-GP system. Bids received after **12:00** hours on **29 Oct, 2023** will be rejected.
4. The bids will be opened in the presence of the Bidder's representatives who choose to attend at **13:00** hours on **29 Oct, 2023** at the office of **Tribeni Rural Municipality, Kharaneta-3, Rukum (west).**
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of as mentioned in Table above which shall be valid for 30 days beyond the validity period of the bid.
6. Other mandatory information as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
7. Employer Address:
   ***The employer is: Tribeni Rural Municipality, Rukum(west)***
   ***E-mail Address: tribenigp@gmail.com***

**Chief Administrative Officer**
**Tribeni Rural Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वैकल्पिक दलको बेहाल

आफूलाई वैकल्पिक दलको रूपमा प्रस्तुत गर्न खोजेका दलहरूको पछिल्लो अवस्था झन्डैझन्डै बेहालको अवस्थामा पुगेको छ । नयाँ शक्तिको आवश्यकता भएको भन्दै पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराईले वैकल्पिक दलका रूपमा नयाँ शक्ति शुरु गरेका थिए । आँखा चुनाव चिन्ह लिएर अघि बढेका उनको केही नलागेपछि अहिले उनी माउ पार्टी माओवादी केन्द्रतिरै ढल्केका छन् ।

नेकपा एमालेबाट चोइटिएको नेकपा एकीकृत समाजवादी पार्टीको अहिलेको अवस्था बेहाल बन्दै गएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रतिगामी कदम चालेपछि दुई पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र झलनाथ खनाल यो दल खोलेका थिए । तर, गठबन्धन गरेर चुनाव लड्दासमेत राष्ट्रिय दल बन्न सकेन । अहिले पार्टी अस्तित्वको संकटमा छ । अर्को दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को पनि हालत उस्तै छ । जनमतविनाको पार्टीजस्तो भएको छ । पार्टीमा पदहरू फालाफाल छन् । त्यही भएर अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोले सम्धी–सम्धीनीदेखि छोराछोरीसम्मलाई पदाधिकारी बनाएका छन् ।

जनता समाजवादी पार्टी (जसपा)बाट अलग भएर ठाकुर र महतोलगायतले यो दल गठन गरेका हुन् । तर, मधेसका जनताले विभाजित दललाई स्वीकारेनन् । चार सिटे यो दलको अहिले कन्तबिजोक छ । हुन पनि नेपाली कांग्रेसबाट विभाजित भएर बनेको दल नेपाली कांग्रेस बिपी एउटा प्रदेश सांसदसमेत जित्ने हैसियतमा छैन । पार्टी स्थापना भएको वर्षौं भयो । सुशीलमान शेरचन अध्यक्ष रहेको यो पार्टी जनमतविहीनजस्तै छ ।

संसद्को तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रबाट त अलग हुँदै नेताहरूले थुप्रै दल गठन गरे । सेना समायोजन गरेको र हतियार बुझाएको भन्दै असन्तुष्ट तत्कालीन उपाध्यक्ष मोहन वैद्य नेतृत्वमा २०६९ सालमा माओवादीको एउटा तप्का अलग भयो । उनीहरूले नेकपा–माओवादी गठन गरे । हाल नेकपा (क्रान्तिकारी) माओवादी छ । यो दलको हैसियत हरेक वर्ष खुम्चिँदो छ । यही दलबाट अलग हुँदै नेता नेत्रविक्रम चन्द (विप्लव सी)ले नेकपा बनाए । विप्लव सी अहिले माउ पार्टी माओवादीतिरै ढल्किसकेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी, नागरिक उन्मक्ति पार्टी जस्ता नयाँ दलका नेतालाई पत्याउँदा पुराना पार्टी त्यागेर नयाँ पार्टी बनाएकालाई जनताले पत्याएनन् । वैकल्पिक दल भने पुरानै अनुहार बोकेर खोलिएका दललाई जनताले कसरी पत्याउन् ? 'नयाँ बोत्तलमा पुरानै रक्सी' भने झैं फटचाइमा लागेर जनता झुक्याउन खोज्ने नेतालाई अनुमोदन गर्ने कुरा पनि भएन ।

## मननयोग्य

### चाणक्य नीति

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गर्‍यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणिमगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चद्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भुइँमा ती सुन्दरी माछा जस्तै उफ्रीकी नाचिरहेकी छन् । उनको शरीरमा छैन भन्ने भान परेको छ । धेरै नाचिक थाकेकी ती सुन्दरीले राजालाई ढोगिन । नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउझेजस्तै (जागेजस्तै) दोगिन । नन्दले असफल भरिएका थैली नर्तकीतिर क्योंक । यसका सँगसँगै त्यस दरबारमा बसेका सबैले रूपैयाँका भेटी चढाए रूपैया नै रूपैयाको बिस्कुन त्यो ठाउँ देखियो ।

सन्दर्भ : विश्व मुटु दिवस

# 'मन लगाऔं मुटु बचाऔं'



▸▸ डा. अवनिभूषण उपाध्याय

वर्षको एकपटक कमसेकम यदि मिल्छ भने आफ्नो जन्मदिन पारेर डाक्टरको सल्लाह लिएर आफ्नो स्वास्थ्यबारे जानकारी लिने गरौं र कुन-कुन कारण तत्वलाई ठीक अवस्थामा राख्नु छ, त्यसमा ध्यान दिने गरौं । चुरोट रक्सीको सेवन नगरौं, रक्तचाप मधुमेह र रगतमा हुने चिल्लो पदार्थ नियन्त्रण गरेर राखौं, तौल बढ्न नदिन व्यायाम, ध्यान योग अभ्यास गर्ने गरौं, अनावश्यक तनाव लिने, लोभ लालचमा नफसौं, फलफूल खाने बानी बसालौं । आफ्नो मुटु स्वस्थ राखौं र आफूले जानेजति, मनैदेखि अरूको पनि मुटु बचाउने अभियानमा लागौं ।

विश्वमा हरेक वर्ष दुई करोड मानिसको मृत्यु मुटुरोग र सम्बन्धित आर्टरीहरूको कारणले हुने गर्दछ । यो संसारको मृत्युको कारणमध्ये पहिलो हो । कुनै पनि महामारी, कुनै दुर्घटना, कुनै एड्स या कुनै अरू सरुवा रोगबाट भन्दा यो बढी हो । यो एउटा महामारीको रूपमा देखापरेको छ । यो रोगबाट बच्न र बचाउन सबैजना लागिनपर्ने हो भने कल्पना पनि गर्न नसकिने अवस्थाको सिर्जना हुने देखिन्छ ।

हामीले मुटुरोग भन्दै गर्दा हृदयघात बुझ्नुपर्दछ । यो रोग ठूलो भएपछि लाग्ने होइन, यो देखापर्दा मानिस ठूलो भइसकेको हुन्छ । हाम्रा विभिन्न कारक तत्त्वहरूले गर्दा मुटुको आर्टरीहरूमा विस्तारै फोहोर जम्मा हुँदै जान्छ र आर्टरीहरूमा भित्री भाग साँघुरिँदै जान्छ, अनि रक्त प्रवाह कम हुँदै जान्छ र साँघुरिएको ठाउँमा रक्तश्राव भयो भने त्यहाँ रगत जम्न गई आर्टरी पूरै थुनिन सक्दछ । त्यसरी थुनिएको अवस्थामा त्यसले आफूले रगत पुर्‍याउनुपर्ने मांसपेशीमा रगत पुर्‍याउन सक्दैन । उक्त मांसपेशीमा रगत नपुगेकाले खाना नपाएर मर्दछ । यो मरेको भागलाई इन्फारक्ट भनिन्छ । मायोकार्डियोल इन्फारक्ट भनेको नै हृदयघात हो ।

सन् १९९९ मा विश्व मुटु संगठन र विश्व स्वास्थ्य संघको संयुक्त प्रयासमा यो विश्व मुटु दिवस मनाउने चलन सुरु भएको हो । विश्व मुटु दिवस पहिलोपटक २७ सेप्टेम्बर २००० मा सुरु भएको हो । सन् २०११ सम्म यो दिवस हरेक सेप्टेम्बर महिनाको अन्तिम आइतबार मनाउने गरिएको थियो भने त्यसपछि सेप्टेम्बरको २९ तारिखको दिन विश्वभरि यो दिवस मनाउने गरिएको छ । यस वर्षको मुटु दिवसको नारा 'युज हार्ट फर एभ्री हार्ट (मन लगाऔं मुटु बचाऔं)' वा हरेक मुटुका लागि हृदयको प्रयोग गरौं भन्ने रहेको छ । यसको अर्थ आफ्नो मुटुका लागि हृदयको प्रयोग गरौं भन्ने हो ।

यसपालिको नारा मुटु बचाउन हृदयको प्रयोग गरौं भन्ने छ । अरूलाई परेका अप्ठेरो, वेदनाहरूप्रति पूरा सहानुभूति, पूरा प्रेमका साथ सच्चा मनले मद्दत गर्नुपर्छ भनेको हो । यस कारणले हाम्रो समाजमा नै मुटु कसरी जोगाउने भनेर भित्र मनैदेखि उपायहरू बताउने हो र समाजमा रहेका हरेक मुटुहरूलाई स्वास्थ्य हुनका लागि बाटो देखाउने हो । यो मुटु बचाउनका लागि भौतिक स्रोत साधनमात्र पटकै होइन, यो आफ्नो आत्मीयता, अरूप्रतिको सद्भाव र प्रेमसँग पनि सम्बन्ध राख्दछ । आफ्नो मुटु त बचाउन परि हाल्यो तर अरूको मुटु बचाउन पनि मनैदेखि या आफ्नो हृदय लगाएर बचाउने कोसिस गर्नुपर्दछ । मुटुरोगको महामारीबाट जोगिनका लागि एउटै उपाय छ, यो के हो भने यो रोगबाट बच्ने, यो रोग लाग्नै नदिने । त्यसका लागि सबै जनमानसमा यो रोगको जानकारी जति सक्यो बढाउनपर्ने हुन्छ । यस वर्षको नारालाई निम्न तीन किसिमबाट बुझ्न सकिन्छ ।

**मानवताका लागि मुटु**

संसारमै मुटुरोगहरूमध्ये ७५ प्रतिशत लगभग मुटुरोगहरू हाम्रो जस्तो विकास हुन बाँकी, गरिब, पछि परेका देशहरूमा पर्दछ । यस संसारको यति ठूलो मानिसको संख्या मुटुरोगी हुनु र त्यो पनि हाम्रो जस्तो देशमा हुनु ज्यादै नै दुःखको कुरा हो । त्यसैले हरेक मानिसले मानवताका लागि यस कुरालाई मनन गरेर कसरी हुन्छ, कुन उपाय गर्दा यसबाट बच्न र बचाउन सकिन्छ भनेर मुटुमा हात राखेर आफ्नो मुटु साक्षी राखी अरूको मर्म बुझेर समाजमै मुटु बचाउनतर्फ लाग्न अति आवश्यक छ ।

मानवताका लागि कसरी हुन्छ यस रोगबाट बच्ने भन्ने कुराको साथसाथै कसैलाई मुटुरोग लागिसकेको छ भने पनि के कसरी उनीहरूको मर्म पीडालाई कम गर्न सकिन्छ भन्नेतर्फ लाग्न जरुरी छ । हाम्रो समाजमा, शिक्षामा, स्वास्थ्यमा धेरैको सहज पहुँच छैन । धेरैलाई यसबारे जानकारी छैन, धेरैमा स्रोत पनि सीमित हुन्छ । यस्तो अवस्थामा यस रोगबारे जानकारी, यसबाट बच्न गर्नुपर्ने उपायहरू र उपचार गर्नुपरे कसरी सहज बनाउने भनेर सबै लगनशीलतापूर्वक सच्चा मनदेखि लागिपर्नु पर्दछ, मद्दत गर्नु पर्दछ ।

**प्रकृतिका लागि मुटु**

मानव जाति प्रकृतिप्रति कठोर नै हुँदै आएको छ । आफ्नो सम्पूर्ण स्वार्थका लागि आफ्नै प्रकृतिरूपी आमालाई शोषण गरिरहेको छ । मानिसकै कारणले गर्दा वातावरण बिग्रिरहेको छ । मौसम बदलिँदै छ, संसारको तापक्रम बढ्दो छ, वायु प्रदूषण बिग्रेर विषैविषले भरिएको छ । यो सबै बिगार्ने अरू कोही होइन, मानव जाति नै हो । प्रकृतिलाई जिस्काएर मानव जातिले ठूलो भूल गर्दै छ । यसले गर्दा संसारमा प्राकृतिक प्रकोपहरू बढ्दै गएको छ । आगलागी, हावाहुरी, बाढीपहिरो, विभिन्न किसिमका महामारीले अकाल मृत्यु हुने क्रम बढ्दै गएको छ भने युवावस्थामै मानिसहरू नयाँ-नयाँ रोगबाट ग्रस्त भएका छन् । कलिला उमेरका मानिसलाई पनि मानसिक रोग, मुटुरोग, क्यान्सरजस्ता रोगले सताउने गरेको छ । मुटुरोगको नै कुरा गर्दा पनि लगभग २५ प्रतिशत जति मुटुरोग वायु प्रदूषणको कारणले हुने गर्दछ । समाजलाई बचाउने हो भने प्रकृतिलाई विनास होइन, माया गर्नुपर्छ ।

**आफ्नै लागि मुटु**

अरूको मुटु बचाउने हो भने सर्वप्रथम आफ्नो मुटुमा ध्यान दिन जरुरी छ । हामीले आफ्नो मुटु स्वस्थ राख्न सके अरूको मुटु जोगाउन पनि सक्षम हुनसक्छौं । पहिले आफ्नो अवस्थाबारे जान्न आवश्यक छ । आफ्नौ तौल ठीक छ छैन, मधुमेह, रक्तचाप, चिल्लो पदार्थ ठीक छ छैन, व्यायाम गर्ने, ध्यान योग गरेको छ छैन, अनावश्यक तनाव लिने गरेको छ छैन, चुरोट रक्सीको सेवन गरिन्छ कि ? घरको साधारण खाना नखाएर बजारिया पत्रु खाना पो खाने गरेको छ कि ? यी सबै कुराको जानकारी लिएर यसलाई ठीक अवस्थामा राख्न आवश्यक छ । रोग लागिहाल्यो भने पनि चिकित्सकको सल्लाहअनुसार पछि औषधि सेवन गरेर आफ्नो शारीरिक र मानसिक अवस्थालाई ठीक सन्तुलित, स्वस्थ राख्नुपर्छ ।

**मुटु के हो त ?**

मुटु रक्त सञ्चारको प्रमुख अंग हो । यो दुई फोक्सोको बीच भागतिर छातीमा हुन्छ । यो ठूलो मान्छेको मुड्कीजत्रो हुन्छ, लगभग मिनेटमा ७२ पटक धड्किने गर्दछ । मुटु दिनको एक लाख १५ हजारपटक धड्किन्छ । दिनभरिमा २०० ग्यालन रगत पम्प गर्दछ । हरेक मिनेटमा १.५ ग्यालन रगत पम्प गर्दछ । मुटु एउटा बलियो मांसपेशीले बनेको अंग हो । यसले पम्प गरेको रगत र रगतबाट जीउलाई चाहिने पौष्टिक तत्त्वहरू पुर्‍याउने गर्दछ र यही पम्पले शरीरका धमिलिएको रगतलाई बटुलेर फोक्सोमा पुर्‍याउँछ । त्यहाँ सफा रगत बनाएर पूरा शरीरभरि पुर्‍याउने काम गर्छ । यसरी मुटुले अहोरात्र काम गरेकै हुन्छ । बलियो मांसपेशीले बने पनि यो ज्यादै संवेदनशील र भावुक हुन्छ । हरेक कुराका राम्रो नराम्रो कुराको असर यसलाई सीधै पर्ने हुँदा यसलाई ज्यादै माया गर्नु पर्दछ ।

**मुटुरोग लाग्ने कारक तत्त्वहरू के हुन् ?**

मुटुको रोग लाग्ने कारक तत्त्वहरू वैज्ञानिक हिसाबले प्रमाणित भइसकेका छन् । मुख्यगरी धूमपान वा सुर्तीजन्य पदार्थको सेवन, उच्च रक्तचाप, नियन्त्रित नभएको मधुमेह, रगतमा भएको चिल्लो पदार्थहरूको असन्तुलन, व्यायाम ध्यान योग नगर्ने बानी, वजन धेरै हुनु, अनावश्यक तनाव लिने बानी, लोभ लालच, फलफूल नखाने बानी, खानामा नुनु धेरै, चिनी धेरै, कार्बोहाइड्रेट धेरै खाने याने बजारको पोके पत्रु खाना खाने बानी, कम सुत्ने बानी इत्यादि पर्दछन् । यी कारक तत्त्वलाई ठीक ठाउँमा राख्न सकेदेखि मुटुरोगबाट बच्न सकिन्छ । जुन कुरा वैज्ञानिकहरूले प्रमाणित गरिसकेका छन् । कारक तत्त्वमध्ये केही गर्न नमिल्ने एउटै कुरा छ त्यो हो वंशानुगत आउने कारक तत्त्व । यो हाम्रो हातमा निर्भर गर्दैन, बाँकी सबै हामी आफैं नियन्त्रण गर्न सक्षम छम् ।

**के गर्न उचित होला ?**

विश्व मुटु दिवस धूमधामले मनाउने भनेकै यो रोग के हो र यसबाट कसरी बच्न सकिन्छ भनेर जानकारी बढाउने हो । जे कुरा गर्न पनि त्यसबारे जान्नु जरुरी छ । तसर्थ हामीले जुन कारक तत्त्वहरूका बारेमा छलफल गर्‍यौं त्यसमा एउटा वंशानुगतबाहेक सबै कारक तत्त्वहरू हामी आफैं नियन्त्रण गर्न सकिन्छ ।

वर्षको एकपटक कमसेकम यदि मिल्छ भने आफ्नो जन्मदिन पारेर डाक्टरको सल्लाह लिएर आफ्नो स्वास्थ्यबारे जानकारी लिने गरौं र कुन-कुन कारण तत्त्वलाई ठीक अवस्थामा राख्नु छ, त्यसमा ध्यान दिने गरौं । चुरोट रक्सीको सेवन नगरौं, रक्तचाप मधुमेह र रगतमा हुने चिल्लो पदार्थ नियन्त्रण गरेर राखौं, तौल बढ्न नदिन व्यायाम, ध्यान योग अभ्यास गर्ने गरौं, अनावश्यक तनाव लिने, लोभ लालचमा नफसौं, फलफूल खाने बानी बसालौं । आफ्नो मुटु स्वस्थ राखौं र आफूले जानेजति, मनैदेखि अरूको पनि मुटु बचाउने अभियानमा लागौं । *रासस*

(लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन्)

पत्र–मञ्जुषा

# घरजग्गा र सेयरले निम्त्याएको आर्थिक मन्दी

मुलुकभर अहिले आर्थिक मन्दीको प्रभाव देखिएको छ । काठमाडौं उपत्यका होस् या बाहिरका अन्य जिल्ला धमाधम सटर खाली हुँदै गएका छन् । चारवटा सटर भएका घरमा तीनवटा त खाली नै छ । व्यापारमा सुख्खाराम लागेपछि व्यवसायीले धमाधम सटर छोडिरहेका छन् । उनीहरू विदेश पलायन भइरहँदा घरधनीहरूको होस् उडेको छ । घरजग्गामा लगानी गर्दा नाफा हुने भएपछि सबैको ध्यान यही केन्द्रित भयो ।

घर बनाउने 'कम्पिटिसन' नै चल्यो । व्यापार व्यवसायबाट केही पैसा कमाएकाले पनि घरजग्गामा नै लगानी गरे । विदेश गएका र जागिर खाएकाहरूको आँखा पनि त्यतै गाढियो । घर बनाउने यति होड चल्यो कि आफूसँग भएको पैसाले नपुग्ने भएपछि बैंकबाट धमाधम कर्जा लिन थालियो । जग्गा बैंकको नाममा धितो राख्ने अनि कर्जा लिएर घर ठड्याउने । घरजग्गामा लगानी गर्नु पछाडि पनि थुप्रै कारण छन् ।

पहिलोः दलालीहरूले घरजग्गाको मूल्य दिनको दुई गुणा र रातको चार गुणाले बढाए । दोस्रोः भाडामा लगाएर बसीबसी खाने अल्छीहरूका लागि यो सबैभन्दा उत्तम उपाय हो । तेस्रोः छिटो नाफा हुने देखेपछि बैंकले पनि धमाधम कर्जा दियो । आनाको २० लाखमा किनेको जग्गा एक महिनामै दोब्बर भाउ पुग्थ्यो । अनि लगानी नगर्ने त कुरै भएन । घरजग्गाको भाउ निरन्तर आकासिँदै गयो ।

सबैले घरजग्गा फाइदै फाइदा देखे । खरिदकर्ताले घरजग्गाको नक्सा, लालपुर्जा, घर बाटो र चार किल्ला लिएर पेस गरेको एक घण्टामै बैंक तथा वित्तीय संस्थाले कर्जा दिइहाल्थे । मालपोत कार्यालयमा तुरुन्तै जग्गा रोकेर पैसा दिइहाल्थ्यो । ६० लाखको जग्गालाई ५० लाख रूपैयाँ कर्जा दिइएको पाइन्छ । यता, बैंक र सहकारी संस्था पनि कहाँ लगानी गर्‍यौं भनेर ढुकेर बसेका हुन्थे ।

बचतकर्ताले राखेको निक्षेप लगानी गर्न सकिएन भने कहाँबाट ब्याज खुवाउनु ? बैंकलाई पनि समस्या नै थियो । पहिलेपहिले बैंकका कर्मचारी आफैं ऋण लिने मान्छे खोजेर हिँड्थे । तर, घरजग्गाको व्यवसाय फस्टाएसँगै बैंक तथा वित्तीय संस्थालाई पनि फाइदा नै भयो । बैंकको काम अरुले राखेको पैसा लगानी गरेर नाफा खानु हो । बैंकका कर्मचारीले दुईटा डुंगामा खुट्टा हालेका हुन्छन् ।

एउटा डुंगामा बचतकर्ता, अर्को डुंगामा ऋणी हुन्छन् । दुईटैलाई बैंकका कर्मचारीले सँगसँगै लग्छन् । पछिल्लो समय बैंकमा बढी नाफा कमाउने होडबाजी नै चलेको छ । हरेक वर्ष सबैभन्दा धेरै नाफा कमाउने बैंकको नाम सार्वजनिक गर्ने गरिएको छ । जसरी हुन्छ बैंकलाई नाफा कमाउने मामिलामा पहिलो स्थानमा आउनु छ । जसले गर्दा बैंकहरूले आँखा चिम्लेर घरजग्गा, सेयर र गाडीमा लगानी गरे ।

दुई वर्षअगाडि फर्किने हो भने एकैदिन २३ अर्ब रूपैयाँको सेयर कारोबार भएको छ । तर, त्यही वर्ष सेयरको कारोबार घटेर ४८ करोडमा झर्‍यो । मूल्य घट्नु र बढ्नु स्वाभाविकै हो । यद्यपि, एकदिन २३ अर्बको कारोबार हुनु र फेरि ४८ करोडमा झर्नुले सेयर बजार टिकाउ छैन् भन्ने कुरा प्रस्ट हुन्छ । कम्पनीले त १०० रूपैयाँमा सेयर निकाशन गर्छ । त्यही सेयर ३२ सय रूपैयाँसम्म पुग्यो ।

सेयरलाई ३२ सय पुर्‍याउने को त ? व्यापारीले १०० रूपैयाँको सेयर ३२ सय रूपैयाँ पुर्‍यायो । सरकारको त त्यसमा कुनै हात नै छैन । सेयरको मूल्य ३२ सय भए पनि सरकारले पाउने राजस्व १०० रूपैयाँकै हो । जग्गाको पनि त्यही नै हो । सरकारी रेट एक लाख रूपैयाँ भएको जग्गामा करोडौं लगानी गरिएको छ । तर, राज्यले पाउने राजस्व त लाखकै हो नि ।

केही कारणबस सरकारले त्यो जग्गा लियो भने त क्षतिपूर्तिबापत दिने त सरकारी रेट नै हो । सबैले सरकारी रेटलाई वास्ता गरेनन्, बजार रेटको पछाडि लागे । बैंक तथा वित्तीय संस्था त जिम्मेवार हुनुपर्थ्यो । तर, तिनीहरू पनि बजार रेटअनुसार नै चले । बजारमा चलेको भाउ हेरेर कर्जा लगानी गरिएको छ । धितो मूल्यांकन गर्दा बजारमा चलेको रेटअनुसार गरिन्छ । बजारले जहिले पनि रफ्तार लिन्छ भनेर धमाधम लगानी गरियो ।

बजारमा मन्दी आउन सक्छ है । आँखा चिम्लिएर गरिएको लगानी डुब्न सक्छ भनेर कसैले सोचेनन् । बजार जहिले उही गतिमा चल्दैन । मुलुकमा देखिएको राजनीतिक अस्थितरताका कारण निकै होसियार भएर लगानी गर्नुपर्नेछ । तर, यो कुरा न बैंक, फाइनान्सले सोचे न सर्वसाधारणले । दलालीले मूल्य ह्वात्तै बढाएर बेचिहाले, नाफा आफ्नो खल्तीमा हालिहाले । फस्ने त आम सर्वसाधारण ।

यी नै कारण बजारमा मन्दी छायो । पहिलेकै स्थितिमा बजार फर्किने कुनै लक्षण नै देखिँदैन । आमजनतालाई बिहान बेलुका छाक टार्न मुस्किल छ । अब कसले घरजग्गा र सेयरमा लगानी गर्ने ?

**– अनुसा थापा, भक्तपुर**

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

प्रभाव दैनिक

रूपशाला

## 'बासेन्जी' असोज २६ देखि

नेपाली चलचित्र वृत्तमा पहिलो पटक भिडियो गेममा देखिने प्रस्तुतिकरण हेर्न पाइने भएको छ। यही असोज २६ गते प्रदर्शन हुन लागेको चलचित्र 'बासेन्जी' 'भिडियो गेम'स्टाइलमा निर्मित चलचित्र हो। अमेरिकी नागरिक इयन स्कट क्लेमेन्टको निर्देशनमा गौरीशंकर इन्टरटेनमेन्टबाट सुरज मैनालीको निर्माणमा बनेको 'बासेन्जी' हरर जनरामा निर्माण गरिएको चलचित्र हो। चलचित्रमा प्रवेशको भूमिकामा कलाकार असिम निरौला आबद्ध छन् भने आकाशको भूमिकामा सुप्रिम राई छन्। वरिष्ठ कलाकार मिथिला शर्मा र सरिता गिरीको पनि यो चलचित्रमा प्रमुख भूमिका रहेको छ।



शुक्रबार, १२ असोज २०८० (Friday, September 29, 2023)

# 'पशुपति प्रसाद २: भष्मे डन'को विदेश बुकिङ खुल्ला




■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी कार्तिक ४ बाट सार्वजनिक प्रदर्शनमा आउँने तयारीमा रहेको फिल्म हो 'पशुपति प्रसाद २ : भष्मे डन'। दीपेन्द्र के.खनाल निर्देशित फिल्म प्रति दर्शकको उच्च अपेक्षा छ। फिल्म नेपालमा मात्र नभएर विश्वका विभिन्न देशबाट एकसाथ प्रदर्शनमा आउँदैछ।

रिलिजको एक महिना अगाडि नै फिल्मको विदेश टिकट बुकिङ खुल्ला गरिएको छ। निर्माण टिमले जानकारी गराएअनुसार फिल्मको अष्ट्रेलिया, अमेरिका, जापान, पोर्चुगललगायतका देशमा एक महिना अगाडि नै टिकट बुकिङका खुल्ला गरिएको छ। फिल्म अष्ट्रेलियाको मेलर्वनको चाइना टाउनमा अक्टोबर २३ तारिखमा प्रिमिएर हुँदैछ। यस्तै २५ र ३० अक्टोबरको अलवा ५ नोभेम्बरका लागि समेत अग्रिम टिकट खुलेको छ।

त्यस्तै जापानमा अक्टोबर २७ मा केयोटो र ओसाकामा सिनेमा रिलिज हुनेछ भने अक्टोबर ३० मा कोबेमा रिलिजका लागि शो खोलिएको छ। अक्टोबर २१ बाट नै बेल्जियमका ५ वटा शहरमा सिनेमाको शो नै सुरु हुँदैछ।

अक्टोबर २३ तारिखसम्मका लागि बेल्जियममा शो खुलिसकेको छ। चाँडै अमेरिका, क्यानडा, युरोपका पनि टिकट बुकिङ खोल्ने तयारी भएको निर्माण युनिटले जनाएको छ। 'पशुपति प्रसाद' को मृत्यु पश्चात पशुपति क्षेत्रमा आफ्नो अस्तित्व स्थापित गर्न संघर्षरत 'भष्मे डन' को जीवनमा एउटा रोमाञ्चक पात्रको प्रवेशपछि सुरु भएको परिचय र आत्मसम्मानको लागि गर्ने शक्ति संघर्षको कथामा फिल्म रिलिज भएको हो।

फिल्ममा विपिन कार्की, स्वस्तिमा खड्का, सौगात मल्ल, रविन्द्र सिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, मिस्श्री थापा, सजन थापामगर, विभु पौडेल, प्रकाश दाहालको अभिनय देख्न सकिन्छ। अभिनेता तथा निर्माता खगेन्द्र लामिछाने र अभिनेत्री बर्षा शिवाकोटीको पनि फिल्ममा अभिनय देख्न सकिन्छ।

टुकी आर्ट्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता तथा अभिनेता खगेन्द्र लामिछानेले लेखेका हुन्। निरज कँडेलको डिओपी, कृष्ण थापाको छायांकन, दीर्घ खड्काको सम्पादन, कृष्ण भारद्वाजको संगीत फिल्ममा छ। फिल्मलाई नेपालमा डिसिएन, टि फक्स र रिच इन्टरटेनमेन्ट अनि भारतमा सुष्मा प्रोडक्सन र विश्वभर सेभेज सिजले वितरण गर्दैछन्।

# 'मायावी'को छायाँकन सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्देशक दिवाकर भट्टराईले निर्देशन गर्न लागेको नयाँ नेपाली फिल्म 'मायावी'को छायाकंन सुरु गरिएको छ। केही दिन अघि मुस्ताङ पुगेको निमार्ण टिमले सम्पूर्ण कलाकारहरूको उपस्थिति भएसँगै छायाकंन सुरु गरेको हो।

निर्माण टिमले फिल्मको छायाकंन गर्ने तयारी गर्दै एक हप्ता अघि सम्म फिल्मका मुख्य कलाकारहरू र निर्माण टिमको लाइनअप सार्वजनिक गरिरहेको थियो।

फिल्म मुस्ताङको नीलगिरि हिमाल क्षेत्र र पोखराको रमणीय स्थलबाट छायांकन सुरु भएको र फिल्मको छायाकंन अवधी ३५ दिनसम्म चल्ने निर्देशक भट्टराईले जनकारी गराए।

पोखराकै परिवेशमा रहेर कथा बुनिएको यस फिल्ममा मुख्य नायिकामा दीपिका प्रसाई र मुख्य नायकहरूमा पल शाह, सुशील सिटौला, मोडल समिम खान र अर्की मुख्य अभिनेत्रीमा करिश्मा श्रेष्ठको प्रमुख भुमिका रहने छ। यस्तै फिल्ममा प्रशान्त ताम्राकार र राजाराम पौडेल लगायत अन्य कलाकारहरूको पनि अभिनय रहने छ।

अभिनेता पल झण्डै डेढ वर्षपछि यसै फिल्ममार्फत रजतपटमा कमब्याक गर्दैछन् भने करिश्माले लामो समयपछि 'मायावी'बाट फिल्ममा कमब्याक गर्न लागेकी हुन्। यसै फिल्ममार्फत 'म्यान हन्ट इन्टरनेश्नल नेपाल २०१६'का विजेता समिम खानले नवनायकका रूपमा डेब्यू गर्दैछन्।

क्रिएटिभ सिने आर्टसको ब्यानरमा निर्माण हुन लागेको यो फिल्ममा निर्देशक भट्टराई स्वयंको कथा रहने छ। भट्टराई करिब चार वर्षपछि पुनः निर्देशनमा कमब्याक गर्दैछन्।

राजु थापाको डिओपी रहने फिल्ममा एसडी योगीको संगीत, राम अविरल विष्टको गीत छ। फिल्ममा एक्शन तथा निर्देशक चन्द्र पन्त र अभिनेता राज कटुवाल निर्माता रहेका छन्। राज फिल्म 'मायावी'मार्फत निर्माणमा पाइला चाल्न लागेका हुन्।

# मण्डलामा असोज १६ देखि नाटक 'ब्यूँझिएको सिरानी'

■ प्रभाव संवाददाता

**काठमाडौं –** थापागाउँस्थित मण्डला नाटक घरमा असोज १६ गतेदेखि नाटक 'ब्यूँझिएको सिरानी' मञ्चन हुने भएको छ। कलाकार तथा कोरियोग्राफर जेडी तमूको निर्देशन रहेको नाटकमा रूपेश लामा, वेदना राई, सुरज तमू, मनि के राई, सुजन सेनेहाङ, सृष्टि महर्जन, दिया शाक्य, रेनुका घर्ति मगर, मुस्कान राउत, लुनिभा महर्जन, रामचन्द्र मनेरु, ग्लोरी थापा, सृजना भट्टराई लगायतका कलाकारको अभिनय रहनेछ।

जेडी एक दशकदेखि कोरियोग्राफी तथा अभिनयमा सक्रिय छन्। नाटकमा नाटकमा अनिल सुब्बाले कला निर्देशन रहेको छ। मानसिक स्वास्थ्यको विषयमाथि तयार पारिएको नाटकमा अभिनय र नृत्यको संयोजन छ। 'यो एउटा नाटक मात्र नभई एक सशक्त अभियान हो, जसले मानसिक दुर्बलतामाथिको मौनता तोड्ने र छलफल गर्ने गर्दछ,' निर्देशक जेडीले भने।

वाइ स्ट्यान्ड डान्स स्कुलको प्रस्तुति र इलाम गुरुङ सोसाइटीको सह प्रस्तुतिमा तयार नाटकले मानसिक समस्याबाट व्यक्तिलाई बाहिर निकाल्न मद्दत गर्ने निर्देशक जेडीको भनाइ छ। गायिका झुमा लिम्बुले संगीत संयोजन गरेकी नाटकमा प्रवृति राई, नवीन बयल्कोटी र आयुषले नाटकमा संगीत भरेका छन्। नाटक असोज २८ गतेसम्म नियमित मञ्चन हुनेछ।

रंगशाला

# रेखाको गोलमा नेपाल र बंगलादेश बराबरी

■ प्रभाव संवाददाता



**काठमाडौं–** एसियन गेम्स फुटबलमा नेपालको महिला फुटबल टिमले बंगलादेशसँग बराबरी खेलेको छ। बिहीबार लिग चरणको अन्तिम खेलमा नेपालले बंगलादेशसँग १-१ गोलको बराबरी खेलेको हो।

खेलको ४४ औं मिनेटमा बंगलादेशले फरवार्ड सविना खातुनको गोलमा अग्रता लिएको थियो। हार तर्फ उन्मुख नेपालका लागि रेखा पौडेलले ८३ औं मिनेटमा बराबरी गोल फर्काएकी थिईन्। नेपालले यसअघिको समूह चरणका दुवै खेलमा हार ब्यहोरेको थियो।

नेपाल र बंगलादेशले यस अघि नै दुई खेलमा हार बेहोरेकोले यो खेल प्रतिष्ठाको लागि मात्र थियो। दुवै टोली यसअघि जापान र भियतनामसँग पराजित भएकी हुन्। पहिलो खेलमा भियतनामसँग २-० पराजित भएको नेपाल दोस्रो खेलमा पूर्वविश्व विजेता जापानसँग भने ८-० को फराकिलो हार सामना गर्‍यो।

नेपाली महिला फुटबल टोली पहिलोपटक एसियाडमा सहभागी भएको हो। एसियन गेम्समा एक अंक बटुल्दै नेपालको महिला फुटबल टिम प्रतियोगिताबारे बाहिरिएको छ।

# खुल्ला सेभेन 'ए' साइड फुटबल हुने

■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता हुने भएको छ। एट टु नाईन युवा क्लबको आयोजनामा असोज १७ गते देखि पोखरा प्रतियोगिता हुने भएको हो। 'युवा एकता, खेलकुद विकास तथा स्वास्थ्यका लागि खेलकुद' भन्ने मूल नाराका साथ फुटबल प्रतियोगिताको आयोजना हुन लागेको हो।

असोज १७ गतेदेखी २३ गतेसम्म पोखरा १३ माछापोखरी खेल मैदानमा हुने प्रतियोगिताको विजेताले नगद एक लाख रूपैयाँसंगै शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

प्रतियोगिताको उपविजेताले ६० हजार रूपैयाँसंगै शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। एक हप्तासम्म चल्ने प्रतियोगिताबाट बचत हुन आएको रकम रग्बी खेलाडी यशोदा बोहोरालाई प्रदान गरिनेछ। यशोदा नेपालमा भएको यु-२० एसिया रग्बी सेभेन्सको तयारीको प्रशिक्षणका दौरान घाइते भएकी थिइन्।

यशोदा यु-१५ साफ महिला फुटबल च्याम्पियनसिपमा नेपालले स्वर्ण जितेको टोलीकी सदस्य पनि हुन्। उनलाई आर्थिक सहयोग गर्न प्रतियोगिताको आयोजना गरेको प्रतियोगिता संयोजक लोक गुरुङले बताए। प्रतियोगिताको उत्कृष्ट खेलाडी, उच्च गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई नगद प्रदान गरिनेछ।

**१९ औं एसियाड प्रतियोगिता**

# पदक तालिकमा चीन शीर्षस्थानमै

■ प्रभाव संवाददाता



**काठमाडौं–** चीनमा जारी १९ औं एसियाली खेलकुद प्रतियोगिताको छैठौं दिन बिहीबार पनि आयोजक राष्ट्रले पदक तालिकामा आफ्नो अग्रतालाई कायमै राखेको छ। चीनले बिहीबार साँझसम्म ८५ स्वर्णसहित कुल एक सय ६० पदक जितेको छ। चीनले ४९ रजत र २६ कांस्य पनि हात पारेको छ।

दक्षिण कोरिया २२ स्वर्णसहित कुल ८० पदक जित्दै तालिकाको दोस्रो स्थानमा छ। दक्षिण कोरियाले २० रजत र ३८ कास्य पदक हात पारेको छ। १८ स्वर्णसहित कुल ७३ पदक जित्दै जापान तालिकाको तेस्रो स्थानमा आसिन छ। जापानले २९ रजत र २६ कास्य पदक पनि हात पारेको छ।

उज्बेकिस्तान पदक तालिकाको चौथो स्थानमा छ। उज्बेकिस्तानले ६ स्वर्ण, १० रजत र १५ कास्यसहित कुल ३१ वटा पदक हात पारेको छ। ६ स्वर्णसहित कुल २५ पदक जित्दै भारत पाँचौं स्थानमा छ। भारतले आठ रजत र ११ कास्य पदक पनि जितेको छ।

यसैगरी ६ स्वर्णसहित कुल १८ पदक जित्दै थाइल्यान्ड तालिकाको छैठौं स्थानमा आसिन छ। थाइल्यान्डले तीन रजत र नौ कास्य पदक पनि हात पारेको छ। हङकङ पाँच स्वर्णसहित कुल ३१ पदक जित्दै सातौं स्थानमा छ। हङकङले १२ रजत र १४ कास्य पदक पनि जितेको छ।

जारी एसियाली खेलकुदमा हालसम्म २१ वटा राष्ट्रले स्वर्ण पदक जितेका छन्। सहभागीमध्ये ३० वटा राष्ट्रले कुनै न कुनै पदक हात पारेका छन्। प्रतियोगितामा दुई सय ५३ खेलाडी सहभागी गराएको नेपालले भने हालसम्म कुनै पनि पदक जित्न सकेको छैन। जारी एसियाली खेलकुदमा सहभागी हुन नेपालबाट ठूलो संख्यामा पदाधिकारीहरू पनि चीन पुगेको छन्।

### ब्याडमिन्टन टिम क्वार्टरफाइनलमा

नेपालको पुरुष टिम ब्याडमिन्टन टिम क्वार्टरफाइनलमा पुगेको छ। बिनजियाङ जिम्नाजियम कोर्टमा बिहीबार भएको अन्तिम १६ को खेलमा नेपालले मंगोलियालाई ३-१ ले हराउँदै क्वार्टरफाइनलमा पुगेको हो।

नेपालका प्रिन्स दाहालले मंगोलियाका गेरेलसुख जार्गलसाइ खानलाई तथा सुनिल जोशीले खुबितुगुल्दर ब्यामभाजभलाई समान २-० को सेटमा हराए। प्रिन्सले २१-८, २१-१४ र सुनिल २१-११, २१-७ ले हराउँदै अग्रता बनाए। तर, विष्णु कटुवालले एकलमा नै सुमियासुरेन एनखबातसँग २-१ ले पराजित भएपछि मंगोलियाले पुनरागमन गरेको थियो। विष्णुले उक्त खेल २१-२३, २४-२२, १७-२१ ले गुमाए। यद्यपि, प्रिन्स दाहाल र विष्णु कटुवालको जोडीले जोल्जाया मुनखबातार र एनखबात ओलोनबायरको जोडीलाई २-० को सेटमा हराउँदै मंगोलियाको योजना सफल हुन दिएनन्।

प्रिन्स र विष्णुको जोडीले मंगोलियाको जोडीलाई २१-८, २१-९ ले हराए। महिला टिम ब्याडमिन्टनमा भने माल्दिभ्ससँग ३-१ ले पराजित भएको छ। महिला एकलमा रसिला महर्जन माल्दिभ्सकी नभाह माथिमाथ रजाकसँग २४-२१, १९-२१ र २१-१३ ले पराजित भएपछि नेपाली महिला टोली सुरुमा नै पछि पर्‍यो।

### नेपाली पब्जी टोली दोस्रो चरणमा

ई स्पोर्टस् विधामा पब्जी मोबाइलको पिस एलिट प्रतिस्पर्धामा नेपाली टोली दोस्रो चरणमा पुगेको छ। हाङझाउ स्पोर्टस् सेन्टरमा बिहीबार भएको समूह 'सी' को पहिलो चरणमा नेपाल दोस्रो स्थान हासिल गर्दै दोस्रो चरणमा प्रवेश गर्न सफल भएको हो।

नेपाल सम्मिलित समूह सी मा मङ्गोलिया, दक्षिण कोरिया र भियतनाम रहेका छन्। दक्षिण कोरिया उक्त समूको शीर्ष स्थामा तथा नेपाल दोस्रो स्थानमा रह्यो। पब्जी स्पर्धामा नेपालको ५२ मिनेट २० दशमलव २८ सेकेन्ड तथा दक्षिण कोरियाको ४७ मिनेट २८ दशमलव ४६ सेकेन्डको समय रहेको थियो। योसँगै नेपाल क्वाटरफाइनलमा प्रवेश गरेको छ।

पब्जीमा सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ। नेपालले दोस्रो चरणमा शुक्रबार प्रतिस्पर्धा गर्नेछ। दोस्रो चरणबाट उत्कृष्ट आठ टोली तेस्रो चरणमा प्रवेश गर्ने छन्। यसअघि समूह 'ए' बाट हङकङ, समूह 'बी' बाट चाइनिज ताइपेई तथा समूह 'डी'बाट इन्डोनेसिया दोस्रो चरणमा प्रवेश गरिसकेका छन्।

### टेबल टेनिसमा सिक्का र नविता पराजित

टेबल टेनिसतर्फ बिहीबार भएको खेलमा नेपालका सिक्का सुवाल श्रेष्ठ र नविता श्रेष्ठ पराजित भएका छन्। गोन्सु क्यानल स्पोर्टस् सेन्टरमा महिला एकलतर्फ नेपालकी सिक्का जापानी खेलाडी मियु हिरानोसँग ४-० को सोझो सेटमा पराजित भइन्। उक्त खेल जापानी खेलाडी हिरोनोले ११-७, ११-१, ११-४ र ११-५ अंकले जितिन्।

यसैगरी महिला एकलतर्फ नै नेपालकी नविता श्रेष्ठ भारतीय खेलाडी मनिका बात्रासित ४-० सोझो सेटमै पराजित भइन्। नविताले उक्त खेल ५-११, ४-११, ३-११ र २-११ अंकले गुमाइन्। यस्तै महिला डबल्सतर्फ पनि सिक्का र नविताको जोडी चीनका यिदी वाङ्ग र मेङ्ग चेनको जोडीसित ३-० को सोझो सटमा पराजित भयो। सिक्का र नविताले उक्त खेल ३-११, ४-११ र १-११ अंकले गुमाउन पुगे।

यसअघि नेपाली टोली पुरुष एकल, पुरुष डबल्स र मिक्स डबल्समा पनि पराजित भइसकेको छ। अब नेपालले टिम स्पर्धामा प्रतिस्पर्धा गर्न बाँकी छ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १११००० | प्रति तोला - ११०४५० | प्रति तोला - १३८५ |



शुक्लाफाँटा नगरपालिका-१२ कालागौंडीका किसान मोहन रानाले गरेको केराखेती । रानाले ६ विगाह जमिनमा व्यावसायिक रूपमा गरेको केरा खेतीबाट वार्षिक रु २५ लाखबढी आम्दानी गर्दै आएका छन् । तस्बिरः रासस

## सार्वजनिक ऋण २३ खर्ब ९ अर्ब पुग्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको सार्वजनिक ऋण झन् बढेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको तथ्यांकअनुसार चालु आर्थिक वर्षको भदौ मसान्तसम्म सरकारले तिर्नुपर्ने सार्वजनिक ऋण २३ खर्ब ९ करोड ८६ लाख ९६ हजार रूपैयाँ पुगेको हो ।

उक्त ऋणमध्ये ११ खर्ब ४० अर्ब ५३ करोड ३ लाख रूपैयाँ आन्तरिक ऋण रहेको छ भने ११ खर्ब ६९ अर्ब ३३ करोड ९३ लाख रूपैयाँ बाह्य ऋण रहेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको २ महिनामै सरकारले ४९ अर्ब २३ करोड ३२ लाख रूपैयाँ ऋण थपेको छ ।

गत असार मसान्तसम्म भने कुल ऋण २२ अर्ब ९९ करोड ३५ लाख २५ हजार रूपैयाँ रहेको थियो । यो दुई महिनाको अवधिमा सरकारले ३८ अर्ब ७१ करोड ६१ लाख रूपैयाँ सावाँ पनि भुक्तानी गरेको छ ।

यद्दपि, साँवा भुक्तानी भन्दा बढी नयाँ ऋण थपिएपछि समग्र ऋण २३ अर्ब नाघेको हो । नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) ५३ खर्ब रूपैयाँ हाराहारीमा रहेको छ ।

यसआधारमा हेर्ने हो भने नेपालको ऋण जीडीपीको ४३.५८ प्रतिशत हुन आउँछ । यता, नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ को आधारमा हेर्ने हो भने एक नेपालीको भागमा ७९ हजार २०१ रूपैयाँ ऋण पर्ने देखिन्छ ।

## 'अर्थतन्त्र चलायमान बनाउन काम भइरहेको छ'

**सुर्खेत (प्रस)–** कार्यवाहक प्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले अर्थतन्त्र चलायमान बनाउन सरकारले काम गरिरहेको दाबी गरेका छन् । उनले आर्थिसक गतिविधि बढाउन विभिन्न कार्यक्रम गरिरहेको बताए । तर अर्थतन्त्र चलायमान बनाउन सरकारले सञ्चालन गरेका कार्यक्रम के हुन् भन्ने चाहिं उनले प्रष्ट पारेनन् ।

कार्यवाहक प्रधानमन्त्री खड्काले बिहिबार सुर्खेतको गुर्भाकोट नगरपालिका-९ पुगेर भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजना कार्यालय उद्घाटन गर्दै विकास आयोजनामा बजेट बढाइएको बताए । तर विकास बजेट अहिले खर्च भएको छैन । यो आर्थिक वर्ष विकास बजेट ३ खर्ब २ अर्ब विनियोजन गरिएकामा अहिलेसम्म ३ प्रतिशत अर्थात १० अर्ब रूपैयाँ मात्र खर्च भएको सरकारी तथ्यांक छ ।

खड्काले राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना प्रभावित क्षेत्रका जनताका लागि सिँचाइ, विद्युतीकरण, सडक पूर्वाधारलगायतको सुविधाका लागि भेरी किनारमा नयाँ कार्यालय स्थापना गरेको बताए। 'डोल्पा, जाजरकोट, रूकुम, सल्यान र सुर्खेतमा भेरी नदीसँग जोडिएका पालिकामा सडक, विद्युतीकरण, सिँचाइलगायत सामाजिक सेवाका कार्य गर्ने उद्देश्यले नयाँ कार्यालय स्थापना गरिएको हो', उनले भने, 'भेरीको पानी बबईमा खस्नुअघि नै भेरी किनारका पालिकामा उद्देश्य अनुसारका काम सम्पन्न गर्छौं ।' उनले आयोजना तीव्रताका साथ अघि बढाउन निर्देशनसमेत दिए ।

## हेटौँडा सिमेन्टको उत्पादन सुरु

■ प्रभाव संवाददाता

**मकवानपुर –** करिब दुई हप्ताअघि बन्द भएको हेटौँडा सिमेन्ट उद्योगले बिहीबारदेखि पुनः उत्पादन सुरु गरेको छ । आगो बाल्ने भट्टीको केही उपकरण बिग्रिएर सिमेन्ट उत्पादन बन्द गर्नुपरेको उक्त उद्योगले जनाएको छ । बिग्रिएका उपकरण मर्मतसम्हार र थप उपकरण जडान गरी गरिएपछि उत्पादन सुरु गरिएको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले बताए ।

हेटौँडास्थित नेपाल विद्युत् प्राधिकरणले दिँदै आएको विद्युत आपूर्ति करिब आधाघण्टा अवरुद्ध हुँदा उत्पादन कार्यलाई नियमित राख्न कठिनाइ भएको उनले जानकारी दिए । उद्योगमा विद्युत् आपूर्तिको लागि छुट्टै फिडर जडान गरिए पनि आपूर्ति पटक-पटक अवरुद्ध हुँदा उत्पादन कार्यमा निकै समस्या भोग्नु परेकाले प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गर्न पत्राचार भइरहेको पनि महाप्रबन्धक कर्णले बताए ।

नेपाल सरकारको स्वामित्वमा रहेको सो उद्योग करिब चार दशक पुरानो हुँदै जाँदा सबै उपकरण पनि जीर्ण हुँदै गएकाले उत्पादन क्षमतामा कमी आएको उल्लेख गरिएको छ । साविक क्षमताअनुसार दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने लक्ष्य भए पनि अहिले दैनिक दस हजार बोरा मात्रै सिमेन्ट उत्पादन भएको उद्योग व्यवस्थापनले जनाएको छ ।

तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौँडामा स्थापना गरेको उक्त उद्योगले २०४३ साल मङ्सिर २६ गतेदेखि व्यावसायिक उत्पादन गर्दै आएको थियो ।

रु एक अर्ब ५० करोडको लगानीमा स्थापना गरिएको सो उद्योगले अहिले विभिन्न सहरमा दैनिक चार हजारदेखि पाँच हजार बोरासम्म मात्र सिमेन्ट बिक्रीवितरण भइरहेकाले पर्याप्त सिमेन्ट बिक्रीवितरण हुन नसक्दा निकै आर्थिक भार व्यहोर्न परेको उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले बताए ।

## जगदुल्लाको बिजुली उत्पादन प्रक्रिया अघि बढ्यो

■ प्रभाव संवाददाता

**सुर्खेत–** 'जनताको जलविद्युत' कार्यक्रममा समावेश जगदुल्ला अर्धजलाशयुक्त आयोजनाले भौतिक निर्माणका लागि आवश्यक पूर्व तयारी सुरु गरेको छ । आगामी छ महिनाभित्र भौतिक निर्माणमा जाने तयारीका साथ हाल पूर्वतयारीको काम सुरु गरिएको सो आयोजनाले जनाएको छ ।

कर्णाली प्रदेशको डोल्पा जिल्लामा अवस्थित सो आयोजनाको कूल क्षमता एक सय छ मेगावाट छ । स्थानीय जगदुल्ला र मुड्केचुला गाउँपालिकामा अवस्थित सो आयोजनाको प्रवर्द्धक कम्पनी जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडले विद्युत् उत्पादन अनुमतिपत्रका लागि बिहीबार सार्वजनिक सूचनामार्फत जानकारी गराएको छ ।

जगदुल्ला हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले केही दिन पहिले ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई समग्र आयोजनाको अवस्थाबारेमा जानकारी गराउँदै छ महिनाभित्र निर्माणमा लैजाने तयारी गरिएको जानकारी गराएका थिए ।

उनले हाल आयोजनाका लागि वित्तीय व्यवस्थापनको काम भइरहेको र अन्य प्राविधिक तयारी समेत अन्तिम चरणमा रहेको उनको भनाइ थियो । कर्णाली प्रदेशमा निर्माण हुन लागेको सो आयोजनाले समग्र प्रदेशलाई उज्यालो बनाउने लक्ष्य राखिएको छ । आयोजनास्थल पुग्नका लागि पहुँचमार्ग निर्माण तथा अन्य पूर्वतयारीको काम अन्तिम चरणमा छ । आयोजनाबाट वार्षिक रूपमा छ सय २३ दशमलव ४७ गिगावाट घण्टा बराबरको विद्युतीय ऊर्जा उत्पादन हुनेछ ।

आयोजना अर्धजलाशय प्रकृतिको हो । यसको डिजाइन बहाव १६ दशमलव सात घनमिटर प्रतिसेकेण्ड छ । यस्तै कूल ग्रस हेड सात सय ८९ दशमलब ६० रहेको छ । आयोजनाको मुख्य संरचना नगदुल्ला नदीको बाँया किनारामा छ । पानी फर्काउनका लागि निर्माण हुने बाँधको लम्बाइ ९३ मिटर बराबर निर्माण गरिनेछ । 'कङ्क्रिट ग्राभिटी टाइप' को बाँध निर्माण हुने र समुद्री सतहबाट दुई हजार छ सय ९६ मिटरमा रहनेछ ।

आयोजनाबाट उत्पादित बिजुली एक सय ३२ केभी क्षमताको ५० किलोमिटर लामो प्रसारण लाइनमार्फत नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने बाफिकोट सवस्टेशनमा जोडिनेछ । सो आयोजनामा सरकारी स्वामित्वको हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड( एचआइडिसिएलल)ले रु चार अर्ब बराबरको लगानी गर्ने भएको छ ।

गत भदौ ९ गते एचआइडिसिएल र प्रवर्द्धक कम्पनीकाबीच ऋण स्वीकृत पत्र आदानप्रदान भएको थियो । ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देव र एचआइडिसिएलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अर्जुनकुमार गौतमले ऋण स्वीकृत पत्र प्रदान गरेका थिए ।

सो आयोजना निर्माणका लागि करिब रु २३ अर्ब लाग्ने अनुमान छ । सबै खालका अध्ययन सकिएको यो आयोजनाको वित्तीय व्यवस्थापनको अन्तिम तयारी भइरहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत सापकोटाले जानकारी दिए । आयोजनामा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, नविल बैंकलगायतले लगानी गर्ने तयारी गरिएको छ । आयोजनाका लागि कर्णाली प्रदेश सरकारले पहिलो चरणमा ११ लाख ७१ हजार पाँच कित्ता शेयरको रु ११ करोड ७१ लाख ५० हजार उपलब्ध गराइसकेको छ । त्यस्तै दोस्रो चरणमा रु छ करोड चालु आवमा नै भुक्तानी गरिसकेको छ । आयोजनाको कूल लगानीको ५ प्रतिशत शेयर कर्णाली प्रदेश सरकारले उपलब्ध गराउने छ ।

विद्युत् खरिदबिक्री सम्झौतामा तोकिएको तालिकाअनुसार २०८६ साल असारभित्र आयोजना सम्पन्न गरी विद्युत् उत्पादन गर्ने सुरु हुनेछ । आयोजना सम्पन्न गर्न कूल लागतको ७० प्रतिशतले हुन आउने रु १६ अर्ब ९२ करोड बैंक तथा वित्तीय संस्थाबाट ऋण जुटाइने छ । ऋण बाहेकको ३० प्रतिशत रु सात सात अर्ब २५ करोड स्वपुँजी लगानी जुटाउने तयारी गरिएको छ । सोही कम्पनीले नै ८२ दशमलव तीन मेगावाट क्षमताको को जगदुल्ला 'ए' आयोजना पनि निर्माण गर्ने तयारी गरेको छ ।

आयोजनाको प्रवर्द्धक कम्पनीमा विद्युत् उत्पादन कम्पनीको २६ प्रतिशत, हाइड्रोइलेक्ट्रिसिटी एण्ड डेभलपमेन्ट कम्पनीको १० प्रतिशत, नेपाल विद्युत् प्राधिकरणको नौ प्रतिशत बराबरको शेयर स्वामित्व छ । यस्तै, कर्णाली प्रदेश सरकारको पाँच प्रतिशत र प्रभावित क्षेत्रका दुई पालिका मुड्केचुला र जगदुल्लाको एक प्रतिशत शेयर स्वामित्व छ । बाँकी रहने ४९ प्रतिशत शेयर सर्वसाधारणका लागि बिक्री गरिनेछ । हाल पहुँचमार्ग निर्माणको काम जारी छ । आयोजनाको विस्तृत इञ्जिनीयररिङ अध्ययन सम्पन्न भइसकेको छ । आयोजनाका लागि दुई सय दुई सय ६० रोपनी जग्गा तथा १४ वटा घर टहराको अधिग्रहण भइसकेको छ ।

## 'ललितपुरका व्यवसायीको समस्या समाधान गर्न मेरो उम्मेदवारी'




**रवीन्द्र ताम्राकार ललितपुरका चर्चित उद्यमी हुन् । हस्तकला क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका उनी समाज सेवामा उत्तिकै सक्रिय छन् । ताम्राकार समाजलगायतका अन्य थुप्रै संघसंस्थाहरूमा रहेर उनले आफ्नो क्षमता प्रदर्शन गरिरहेका छन् । नेपाल तामा पित्तल व्यवसायी संघको महासचिव र नोबेल बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षसमेत रहेका उनी ललितपुर उद्योग वाणिज्य संघको अध्यक्षमा उम्मेदवारी दिएका छन् । संघमा वरिष्ठ उपाध्यक्षसम्मको कार्यभार सम्हालिसकेका उनी दुई कार्यकाल संगठन विस्तार एवं प्रचारप्रसार संयोजक थिए भने एक कार्यकाल प्रथम उपाध्यक्ष । आउँदो १९ र २० गते संघको ४४औं साधारणसभामार्फत नयाँ नेतृत्वका लागि निर्वाचन हुँदै छ । यसै सन्दर्भमा ताम्रकारसँग उनको उम्मेदवारीबारे प्रभावले गरेको कुराकानीः**

◆ **अध्यक्षका लागि तपाईंको दाबेदारी किन ?**

– २०२३ सालमा स्थापना भएको ललितपुर वाणिज्य संघमा विगत ३० वर्षदेखि आबद्ध छु । अढाइ दशकदेखि विभिन्न समितिमा रहेर काम गरेको छु । विगत १६ वर्षदेखि कार्यसमितिमा रहेर दुई कार्यकाल कार्यसमिति सदस्य प्रथम उपाध्यक्ष हुँदै वरिष्ठ उपाध्यमा काम गरिसकेको छु । त्यसैले अध्यक्षमा योग्य ठानेको छु ।

◆ **अध्यक्षमा किन जिताउने तपाईंलाई ?**

– व्यवसायीको हकहितमा काम गर्दै आएको छु । धेरैजसो काम नेतृत्व तहमा पुगेरमात्र गर्न सकिने रहेछ । त्यस हिसाबले पनि जिल्लाका उद्योगीका समस्या न्यायोचित रूपमा सम्बोधन गर्न र उहाँहरूको मागलाई सम्बन्धित निकायसम्म लान मेरो उम्मेदवारी रहेको छ । मेरा योजना र कामहरू देखेर साथीहरूले मलाई यस पदमा अगाडि बढ्न पनि सुझाव दिनुभएको छ ।

◆ **के-के छन् तपाईंका योजना ?**

– आफ्नो कार्यकालमा संगठन विस्तामा म खटेर लागें । ललितपुर मेगा इभेन्टजस्ता मेगा इभेन्ट सकाएँ । सदस्यसचिवको भूमिकामा । वरिष्ठ उपाध्यक्ष हुँदा पनि विभिन्न कार्यक्रम गरें । जापानको संस्थासँग मैत्री सम्बन्ध राखें । जिल्लाभरि यो संगठन पुग्न सकेको छैन । सबै ठाउँमा पुऱ्याउन, जिल्लाका विभिन्न उत्पादन बजारीकरणका लागि योजना बनाएको छु । हस्तकलाका सामग्रीलाई व्यवस्थित गर्न विशेष प्रयास रहनेछ ।

◆ **ललितपुर बुटिक सहर बन्दै छ, तर स्थानीय उत्पादन त संकटग्रस्त देखिन्छ नि हैन ?**

– अहिले देशकै आर्थिक अवस्था सन्तोषजनक छैन । ललितपुर संघीय राजधानीसँग जोडिए पनि तीनवटा गाउँपालिका छन् । दक्षिण भेगमा कर्णाली जस्तो छ । यथेष्ट सम्भावना छन् त्यहाँ । तर, विकास नहुँदा त्यहाँका काष्ठकला, कपडाका उत्पादन बजारीकरण हुन सकेको छैन । नगर क्षेत्रभित्र पनि हस्ताकलाको उत्पादन छ । ललितपुरलाई अहिले विश्व कला परिषद्ले कला नगरीको उपाधि दिएको छ । महानगर र संघ मिलेर यो उपाधि जोगाइरहनुपर्छ । यसका लागि हस्तकलालाई ब्राण्डिङ गर्नैपर्छ ।

◆ **कला नगरी भनेर अहिले खासै सुनिँदैन नि ?**

– क्राफ्ट सिटीको उपाधि पाएपछि अपेक्षित रूपमा बढ्न सकेको छैन । एउटा कारण आर्थिक संकट हुन सक्छ । उपाधि जोगाइराख्न यसको बजारीकरण र प्रवर्द्धन हुनैपर्छ । हामी यसलाई जोगाउन लागिपर्छौं ।

◆ **यसको साख जोगाउन के गर्नुहुन्छ ?**

– सम्बन्धित निकायसँग हामी समन्वयकारी भूमिका निभाउँछौं । यसमा मेरो विशेष प्रयास जारी रहन्छ ।

◆ **उद्योग वाणिज्य संघको चुनावी चहलपहल त्यति चर्चामा छैन किन, विगतमा माहोल चर्को बन्थ्यो नि हैन ?**

- हामीसँग दुई हजार सदस्य छन् । तैपनि यो खासै चर्चामा नआउनुको कारण विगतको नेतृत्वलाई मान्नुपर्ला । अब हामी त्यसो हुन दिन्नौं । सातवटा संस्थामा मैले नेतृत्व लिइसकेको छु । ताम्राकार समाजमा नौ महिनादेखि नेतृत्वमा छु । ताम्रकार मकाक्षे मेरै नेतृत्वमा बन्यो । अग्रजहरूको साथ रह्यो । नोबेल बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्षको रूपमा अहिले छु । यस संस्थाको आफ्नै भवन बनाउन सफल भएँ ।

◆ **समाज सेवा एकदम च्यालेञ्जिङ छ नि हैन ?**

– आफूले केही पाउँछु भनेर समाज सेवामा लागेको हैन । दिन्छु भनेर लागेको छु । उद्योगी व्यवसायीको सेवा सुविधाका लागि म लड्नेछु ।

◆ **व्यवसायीका समस्या चर्कंदो छ, कसरी समाधान गर्नुहुन्छ ?**

– कोरोनापछि व्यापार व्यवसायको अवस्था नाजुक बनेको हो । सरकारबाट साथ सहयोग पाउनुपर्ने हो । तर, सरकारले केही गरेको छैन । बरु करका कारण व्यवसायीलाई तर्साइरहेको छ । राजस्वको झमेला छ । सरकार कोरोना देखाउँदै पछाडि हट्छ । कोरोनाले विश्वलाई संकटग्रस्त बनायो तर उनीहरू 'कमब्याक' भइसके अर्थतन्त्रमा । त्यो सरकारकै सहयोगका कारण हो । त्यसैले यस विषयमा म आवाज उठाउँदै आएको छु । नेतृत्वमा पुगेपछि पहलकदमी प्रयास गर्नेछु ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ